अन्तिम लेखापरीक्षण प्रतिवेदन

गरुडा नगरपालिका
रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गरुडा नगरपालिका
रौतहट

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

गरुडा नगरपालिका

रौतहट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

मधेश प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १६५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री नगर प्रमुख ज्यू,

गरुडा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

गरुडा, रौतहट ।

1. **कैफियत सहितको राय** - हामीले गरुडा नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौँ ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

2. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी**,** आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१३ करोड ५३ लाख ५९ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त भएको छैन । त्यसमध्ये असुल गर्नुपर्ने रू. १ करोड ५२ लाख १९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड १४ लाख ४२ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १४ लाख ६४ हजार र पेश्की बाँकी रु. ४ करोड ७२ लाख ३२ हजार समेत गरी यस वर्ष रू.१३ करोड ५३ लाख ५९ हजार बेरुजु कायम रहेको छ । गरुडा नगरपालिकाको गतवर्ष सम्म रु. ५६ करोड २८ लाख ५० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजु रु. ६९ करोड ८२ लाख ०९ हजार रहेको छ । गरुडा नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने गरुडा नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

3. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

4. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गरुडा नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

5. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्यामप्रसाद भण्डारी)

नायब महालेखापरीक्षक

गरुडा नगरपालिका,

रौतहट जिल्ला,

1. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७७	२९३	१३५३५९	०	०	०	७७	२९३	१३५३५९	१५२१९	३१४६४	४१४४२	०	०	४७२३२	४७२३२

2. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रौतहट	५६२८५०	०	०	५६२८५०	०	१३५३५९	६९८२०९

3. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	-	-	-
	चालु वर्षको जम्मा	-	-	-
	गत विगत वर्षतर्फको	-	-	-
	२०७८।७९	-	-	-
	२०७७।७८	-	-	-
	२०७६।७७	-	-	-
	गत विगतको जम्मा	-	-	-
	कुल जम्मा	-	-	-

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा ४४.४६ वर्ग किलोमिटर क्षेत्रफल तथा ७६,२५९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५। २०देखि २०८०।६।२५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) लेखापरीक्षणको क्रममा असुली -लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ३३२७२।०० असुली सञ्चित कोषमा फिर्ता भएको छ ।

कार्यक्रम/ब.उ.शी.नं.	वापत	रकम	मिति	दाखिला भएको बैङ्क
विभिन्न	सम्पती कर लगायत	३३२७२।००	२०८०।६।९	रा बा बैक गौर

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रौतहट कार्यालयको कोड : ८०२२०४०४३००				
आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१ - २०८०/०३/३१				
प्राप्तीभुक्तानी हिसाव				
विवरण	यसवर्ष रु.		गतवर्षरु.	
	बजेट	प्राप्ति/भुक्तानी	प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	७६,४८,२०,०५४.००	५७,४९,६८,२०७.७२	५९,५०,८६,९०८.९६	५९,५०,८६,९०८.९६
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	७५,६३,९६,००९.४५	५७,१०,४३,९५५.७२	५९,११,८२,६१८.४९	५९,११,८२,६१८.४९
११००० कर	१७,७३,७६,५४४.००	१०,३५,४७,७०५.७२	१३,२५,९४,६१८.४९	१३,२५,९४,६१८.४९
१३००० अनुदान	४८,६१,३६,०००.००	४६,७४,९६,२५०.००	४५,८५,८८,०००.००	४५,८५,८८,०००.००
संघीय सरकार	४५,७३,७८,०००.००	४४,५६,१५,५००.००	४३,८९,५०,०००.००	४३,८९,५०,०००.००
प्रदेश सरकार	२,८७,५८,०००.००	२,१८,८०,७५०.००	१,९६,३८,०००.००	१,९६,३८,०००.००
१४००० अन्य राजस्व	३७,८८,४१३.९२	०	०	०
३२००० वित्तीय सम्पत्ति	८,९०,९५,०५१.५३	०	०	०
ख. अन्य प्राप्ति	८४,२४,०४४.५५	३९,२४,२५२.००	३९,०४,२९०.४७	३९,०४,२९०.४७
वितरण गर्न बाकी राजस्व	०	०	०	०
कोषहरु	८४,२४,०४४.५५	२७,५४,२६३.००	२४,०९,०१८.७२	२४,०९,०१८.७२

धरौटी	०	११,६९,९८९.००	१४,९५,२७१.७५	१४,९५,२७१.७५
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०
भुक्तानी (ग+घ)	७६,४८,२०,०५४.००	५७,४१,९१,५१७.२२	५६,७५,६१,७७८.७५	५६,७५,६१,७७८.७५
ग. भुक्तानी (सञ्चित कोषबाट)	७५,६३,९६,००९.४५	५६,६४,५५,७२६.९७	५६,४६,४८,३९०.७५	५६,४६,४८,३९०.७५
२१००० पारिश्रमिक / सुविधा	१६,४४,७७,०००.००	१५,०१,९६,०९२.६३	१२,४७,८०,२६०.९८	१२,४७,८०,२६०.९८
२२००० मालसामान तथा सेवाको उपयोग	२३,००,७५,०७३.८४	१६,२९,८६,३९१.७३	१८,०२,७७,५०८.००	१८,०२,७७,५०८.००
२५००० सहायता (Subsidy)	९२,८२,०००.००	५०,५५,१३७.००	३६,८६,३००.००	३६,८६,३००.००
२६००० अनुदान	५६,४७,०००.००	०	०	०
२७००० सामाजिक सुरक्षा	५६,००,०००.००	२६,००,०००.००	१,५७,६१,६६०.००	१,५७,६१,६६०.००
२८००० अन्य खर्च	६,२४,३८,१३७.६१	६,१९,६८,७९७.६१	४,७४,१२,३७३.७७	४,७४,१२,३७३.७७
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	२७,८७,७६,७९८.००	१८,३६,४९,३०८.००	१९,२७,३०,२८८.००	१९,२७,३०,२८८.००
३२००० वित्तीय सम्पत्ति	१,००,०००.००	०	०	०
घ. अन्य भूक्तानी	८४,२४,०४४.५५	७७,३५,७९०.२५	५६,७५,६१,७७८.७५	५६,७५,६१,७७८.७५
कोषहरु	८४,२४,०४४.५५	६०,४५,४३७.५०	९,४२,९७०.००	९,४२,९७०.००
धरौटी	०	१८,७२,८१०.७५	१९,७०,४१८.००	१९,७०,४१८.००
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		(१,८२,४५८.००)		
ङ. यो वर्षको बचत (न्युन)		७,७६,६९०.५०	२,७५,२५,१३०.२१	२,७५,२५,१३०.२१
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		९,५५,९९,७३१.८३	६,९४,७३,७७७.१२	६,९४,७३,७७७.१२
वर्षान्तको बाकी रकम (ङ + च)		९,६३,७६,४२२.३३	९,६९,९८,९०७.३३	९,६९,९८,९०७.३३
बैंक तथा नगद बाकी		९,६३,७६,४२२.३३	९,६९,९८,९०७.३३	९,६९,९८,९०७.३३

सैद्धान्तिक बेरुजु

३ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखाङ्कन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.२०९७९२१६९।- र कर्मचारी कल्याण कोषमा रु. २८०००००।- समेत गरी रु २१२५९२१६९।- सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण माग गरेकोमा पालिकाले एकिकृत आर्थिक विवरण तयार गरी पेश गरेको छैन । पालिकाले शुत्र बाहिरका कारोबार समेत सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

रु हजारमा

विवरण	**गतवर्षको जिम्मेवारी**	**यसवर्षको प्राप्ति**	**यसवर्षको भुक्तानी**	**बैङ्क मौज्दात**
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	**९५५९९**	**५७४९६८**	**५७४१९१**	**९६३७६**

फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.९९६९९०००।०० मौज्दात रहेकोमा यो वर्ष रु.९५५९९०००।०० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४१०००००।०० घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु... ४१०००००।००

अनियमित भएको	४१,००,०००

५ **सञ्चित कोषमा स्थानान्तरण**

1.1. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ४२३००९७४।०० पुँजीगत खातामा रु. १५६१०४९४।०० आन्तरिक राजश्व खातामा रु१६५६९२०।०० र अन्य खातामा रु २७४९२७६ गरी जम्मा रु. ७८०२९४१४।०० मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **लागत सहभागिता**- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

८ **आय अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५ करोड ९९ लाख १५ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १ करोड २३ लाख अर्थात अनुमान भन्दा २०.५२ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । रु हजारमा

केन्द्रीय अनुदानबाट प्राप्त	आन्तरिक आय	आन्तरिक आय प्रतिशत

४६७४९६	१२३००	२.६३

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.६३ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१० **कर तथा शुल्क असुली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	**अनुमान**	**असुली**	**असुली प्रतिशत**
११३१४ भुमिकर/मालपोत	४,००,००	९०००	२३
११३२१ वहाल कर	२९,८०	६५०	२२
११३२२ वहाल विटौरी कर	९०,००	१०००	११
११६९१ अन्य कर	४१,४७	०	०
१४२४२ नक्सापास दस्तुर	३७,८८	०	०
जम्मा	५,९९,१५	१०६५०	

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

११ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **राजश्व वाँडफाँड -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको प्रदेश र स्थानिय तह विच बाँडफाड हुने रकमको विवरण पालिकाले राखेको छैन । जसले गर्दा राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको रकम एकिन गर्न सकिएन । पालिकाले अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी रकम एकिन गरी वा सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **राजश्व अभिलेख -** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

१४ **राजस्व असुली -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ९ वडाहरुमध्ये पालिकासँग विवरण माग गरेकोमा निम्नानुसारका वडाहरुले देखाएको राजस्व भन्दा रु १००३५९।०० न्यू दाखिला गरेकोले दाखिला गर्न बाकि रकम व्याज सहित असूल हुनु पर्ने । रु.. १००३५९।००

क्र सं	वडा नं	आय शिर्षक	अशुली रु.	दाखिला रु.	दाखिला गर्न बाँकी
१	१	विभिन्न	१६५०९	१६५०९	०
२	२		२८७००	०	२८७००
३	३		५५०३४	५५०३४	०
४	४		६७२१५	६७२१५	०
५	५		१२१८८०	१२१८८०	०
६	६		७१६५९	०	७१६५९
७	७		९२३५०	९२३५०	०
८	८		विवरण पेश नभएको	०	नखुलेको
९	९		विवरण पेश नभएको	०	नखुलेको
१०	न पा तर्फ		विवरण पेश नभएको	०	नखुलेको
			जम्मा		१००३५९

असुल गर्नुपर्ने	१,००,३५९

१५ **आन्तरिक आय -** मिती २०७९ जेष्ठ ३० गते को राजश्व परामर्श समितीको निर्णय अनुसार देहायका आय ठेक्काको न्युनतम ठेक्का अङ्ग कायम गरेकोमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्

सि नं	आय ठेक्काको नाम	न्युनतम ठेक अङ्क
१	गरुडा पशु बजार	३८५३०००
२	शिवनगर महम्मदपुर तरकारी बजार	४०००००
३	रघुनाथपुर विर्ता तरकारी बजार	१५००००
४	झाँझ नदी माछा ठेक्का	१८५०००
५	शान्ति बजार भिसवा रघुनाथपुर	१५००००
६	पोखरी ठेक्का पोठीयाही	४५५००००
	जम्मा	९२८८०००

सैद्धान्तिक बेरुजु

१६ **पशु बजार ठेक्का -** ठेक्का नं ४।०७८।७९ बाट गरुडा नगरपालिका र आर के कन्स्ट्रक्सन माधवनारायण नगरपालिका रौतहट विच गरुडा पशु बजार ठेक्का भोगचलन गर्ने मिती ०७९।८।१५ गते भएको सम्झौता बमोजिम उक्त कन्स्ट्रक्सनले पशु बजार कर संकलन गर्नुपर्नेमा नगरपालिकाबाट नै मिती २०७९।९।१२ गते सम्म कर संकलन भई सोको संकलित कर नगरपालिकाको खातामा दाखिला रहेकोभनी सो रकम रु ४४६५०० उक्त कन्स्ट्रक्सनलाई फिर्ता गर्ने ०७९।११।१९ को नगर प्रमुख स्तरिय निर्णयवाट फिर्ता भएको छ । अतः राजश्वमा रहेको रकम सम्झौता कर्ता निर्माण व्यवसायीलाई फिर्ता गर्न मिल्ने नदेखिदा जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाई नियमानुसार उक्त रकम नगरपालिकाको आन्तरीक आय खातामा दाखीला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४,४६,५००

१७ **रकम दाखिला-** ठेक्का नं ४।०७८।७९ मिती २०८९।८।८ को निर्णयबाट श्री आर के कन्स्ट्रक्सन लाई रु ११०५००० पालिकाको आन्तरीक राजश्व खातामा दाखिला गर्ने गरी सम्झौता गर्न आउन उक्त कन्स्ट्रक्सन लाई पत्राचार गरेको छ। बैंक स्टेटमेन्ट अनुसार २६ सेप्टेम्बर २०२२ मा रु १०४०००० र ३० नोभेम्बर २०२२ मा रु ६५००० दाखिला गरेको देखिन्छ तर आर के कन्स्ट्रक्सनको प्रो विजय कुमार सिं र नगरपालिका बाट रोजगार सहायकले ११ ठेलि नगदी रसिद लिएकोमा विवरण पेश नभएकोले उक्त रकम कसले जम्मा गरेको हो सो समेत स्पष्ट नभएको र सोहि व्यहोरा टिप्पणी तथा सम्झौतामा समेत खुलाएको छैन । मिती २०७९।८।१५ को सम्झौतामा ठेक्काको रकम तथा शर्तहरु उल्लेख गरेको छैन् । यद्यपि २०७९।८।१५ मा सम्झौता गरेपनि भोग चलन गर्न नपाएको भनि रु ४४६५०० फिर्ता समेत लिईसकेको अवस्थामा कार्यपालिकाको २०७९।७।४ को निर्णयमा न्यूनतम अंक घटाई ११००००० कायम गरेको उक्त ठेक्का स्विकार गरेकोमा लेखापरीक्षणको क्रममा कागजात पेश नभएको र बक्यौता तथा असूलीमा समेत नदेखिएको रकम एकीन गरी आन्तरिक आय खातामा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	११,००,०००

१८ **व्यवसाय कर -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर सङ्कलन लक्ष्य समेत निर्धारण नगरी असूल गरेको छैन । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **खानेपानी** - गरुडा नगरपालिका बृहत खानेपानी योजना निर्माण अन्तर्गत ९ वटै वडामा ह्याण्डपाईप जडान गर्नको लागी उपभोक्ता समिति गठन गरी ह्याण्डपाईप जडान उपभोक्ता समिति गरुडा लाई रु ९६९८४३ भुक्तानी दिएको छ । लागत अनुमानमा २० वटा भनेकोमा सम्झौता र मुल्याङ्कनमा खुलाएको छैन । पालीकाको मिती २०८०।३।१९ को पत्रानुसार उक्त कार्य सम्पन्न भएको भनि भुक्तानीको लागी सिफारिस गरेकोमा कुन स्थानमा जडान गरीएको हो सो को विवरण सहित कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु

प्रमाण पेश नगरेको	९,६९,८४३

२० **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रममा रु५३लाख ५९ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.११ लाख ७६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. ५५ लाख ५ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालयहरुको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब

मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाता	**स्रेस्ता अनुसार मौज्दात रु.**	**बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.**	**फरक रु.**
स्थानीय तह सञ्चित कोष खाता	१३८०९१४	२००६६६६४	१८६८५७५०
चालु खर्च खाता	४४६०९७४३	४२३००९७४	-२३०८७६९
पुँजीगत खर्च खाता	४७५९९९९०	१५६१०४९४	-३१९८९४९६
विविध खर्च खाता	१७०९६४	२८६८६	-१४२२७८
विपद व्यवस्थापन खाता	१३६६९४	१३६६९४	०
आन्तरीक अनुदान खाता	०	१५७११७५०	१५७११७५०
कर्मचारी कल्याण कोष खाता विविधकोष	२८०००००।००	२८०००००।००	०
धरौटी मौज्दात	२४७८११५	२४७८११५	०
ग१.१, आन्तरिक राजस्व खाता	०	१६५६९२०	१६५६९२०
ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	१०५७८१	१०५७८१
बैङ्क मौज्दात	९६३७६४२०	९८०९६०७८	१७१९६५८

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । उपरोक्त अनुसार चालु खर्च खातामा रु २३०८७६९।०० र पूजिगत खर्च खातामा रु ३१९८९४९६ र विविध खर्च खातामा रु १४२२७८ गरी जम्मा रु ३४४४०५४३ - न्यून मौज्दात देखिएको सम्बन्धमा हिसाव मिलान गरी एकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **शसर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ बमोजिम निम्नानुसार शिर्षकको रकम फिर्ता गर्न बाँकी रु ६४२३०४७१।०० देखाएकोमा उक्त रकम रा बा बैक गरुडा शाखाको भौ न १२५९०८८७ र १२५९०८८८ बाट मिती उक्त रकम फिर्ता गरी फिर्ता गरी हिसाव फरफारक गरेको प्रमाण पेश भएको छ ।

सैद्धान्तिक बेरुजु

२३ **कर दायित्व -** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १८२४५८।०० देखाएको छ । यकिन भई सकेको कर दायित्व

लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु...

असुल गर्नुपर्ने	१,८२,४५८

२४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर त्रैमासिक रुपमा पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखपरीक्षण अवधि सम्म परी प्रतिवेदन पेश गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **चिल्ड्रेन पार्क -** संघीय शसर्त अनुदानबाट गरुडा ६ मा चिल्ड्रेन पार्क निर्माण गर्ने प्रयोजनको लागी रु १० लाख बजेट स्वीकृत भएकोमा पालीका को योगदान रु १११११०।५२ रहने गरी उपभोक्ता समिति संग रु ११११११०५।१९ मा सम्झौता गरेकोमा फाउण्डेशनको कार्य गर्दा गर्दै विवाद उत्पन्न भएको कारण उक्त कार्य सम्पादन हुन नसकी अधुरो योजनाको मुल्याङ्कन गरी रु ५११६२०८ ।००भुक्तानी भएको छ । विवाद समाधान गरी बाकी कार्य सम्पन्न गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **पोठीयाही माछा पोखरी ठेक्का -** पोठीयाही माछा पोखरी ठेक्का संचालन सम्बन्धि ठेक्का शिवांश मत्स्य फार्म गरुडा र नगरपालिका बिच २०८०।१०।१३ मा २०७८ साल माघ १३ गते देखि २०८३ साल अषाढ मसान्त सम्म ५ बर्षको लागी सम्झौता भएको छ । बहु बर्षिय ठेक्का को पहिलो वर्ष २०७८ माघ १३ गते देखी आषाढ मसान्त सम्मको रु ४५५००० मध्ये १० प्रतिशतले हुन आउने रु ४५५०० कट्टा गरी बाँकी रु ४०९५०० तोकिएको समयभित्र वुझाई सकेको र वाँकी रु ९१०००० मध्ये परम्परागत असाढी पुजा , ब्रह्मम पुजा, आश्विन दशहरा पुजा समेतको लागी वडा कार्यालय लाई नगद रु ५० हजार वुझाई वाँकी रकम रु ८६०००० एकमुष्ठ प्रत्येक सालको माघ मसान्त भित्र बुझाई सक्नु पर्ने गरी सम्झौता भएकोमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन्।

1) गतवर्ष ०७८।७९ मा स्वीकृत वोलपत्र रु ४५५०००० मध्ये हालसम्म असूली र दाखीलाको विवरण देखिने गरी लगत अद्यावधीक राखेको छैन ।

2) मिती २०७९ साल माघ मसान्त भित्र दोस्रो किस्ता वापतको रकम रु ८६०००० लेखापरीक्षणको अवधि २०८०।६।१० सम्म पनि नवुझाएकोमा कुनै कारवाही गरेको छैन ।

3) परम्परागत पुजाको लागी वडा कार्यालय मार्फत रु ५०००० बुझाउने सम्झौता गरेकोमा उक्त रकम नगरपालिका मार्फत पठाउने व्यवस्था गरी खर्चको पुष्टाई पेश गर्नु पर्दछ ।

4) समयमा रकम नवुझाउने सम्झौताकर्ताले ठेक्काको शर्त पालना नगरेको अवस्थामा कस्तो कारवाही गर्ने हो सो व्यहोरा समेत नखुलाएकोले सम्झौता अपुर्ण एवंम त्रुटीपुर्ण रहेको छ ।

5) सार्वजनिक खरीद नियमानुसार सम्झौताको पालना नगर्ने व्यावसायि ठेक्का तोडी नियमानुसार जरीवाना लिई वडा कार्यालय मार्फत पठाउने (रु ५० हजार) समेत आ व ०७९।८० र ०८०।८१ को माघ मसान्त सम्म प्रति किस्ता रु ९ लाख १० हजारको दरले हुने रु १८२०००० अबिलम्व कारवाही गरी असूल गर्नुपर्ने रु १८२००००।००

असुल गर्नुपर्ने	१८,२०,०००

२७ **छुट**

२७.१ शिवनगर तरकारी बजारको ठेक्का (८।०७८।७९) रु ३८५००० मा इन्द्रावति रेडीमेड एण्ड कस्मेटीक ट्रेडर्स गरुडा संग सम्झौता भएकोमा उक्त ट्रेडर्सले अपुग किस्ता रु ३२६००० रुपैँया दाखिला गरेको आधारमा १० प्रति छुट दिएको तर निजको धरौटी समेत सदरस्याहा छुट दिएको देखिदा उक्त रकम असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३८,५००

२७.२ सम्झौता रकम ३८५००० को १३ प्रतिशत मु अ कर वापतको रकम असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३८,५००

२७.३ सम्झौता रकम रु ३८५००० मध्ये रु ३२६००० मात्र दाखीला भएको देखीएकोले नपुग रकम रु ५९००० असूल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	५९,०००

२८ **सदरस्याहा** - ठेक्का नं ४।०७८।७९ अनुसार गरुडा पशु बजारको ठेक्का सुमित निर्माण सेवाले २२००५०० मा गरेकोमा उक्त ठेक्का संचालन गरेको पाईएन र पुनः कार्यपालिकाको मिती २०७९।७।४ को निर्णय अनुसार न्युनतम अंक रु ११००००० बनाई ठेक्का वन्दोवस्त गर्ने निर्णय गरेकोमा उक्त ठेक्काको कागजात पेश भएको छैन । त्यस्तै गरी वोलपत्र आव्हानको सूचनाको सि न ८ बमाजिम टेण्डर स्वीकृत भएको ७ दिन भित्र रकम बुझाउन नआएमा धरौटी जफत गर्नुपर्नेमा उक्त सुमित निर्माण सेवाले ठेक्का स्वीकृत भैसकेको अवस्थामापनी ठेक्का स्वीकार नगरेकोले निजले राखेको ११००२५ धरौटी रकम जफत गरी आन्तरीक आय खातामा दाखीला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,१०,०२५

२९ **धरौटी** - ठेक्का नं १०।०७८।७९ मा पालीकाको २०७९।४।३१ को निर्णयवाट श्री रोशन कन्स्ट्रक्सन गरुडा लाई रु १५०५०० रघुनाथपुर विर्ता तरकारी बजारको ठेक्काको दरभाउपत्र स्वीकृत गरी सम्झौता गर्न आउन

पत्राचार गरेकोमा त्यसपछी सम्झौता भए नभएको कागजात पेश नभएको र निजको धरौटी समेत रु ७५२५ असुल नभएकोले धरौटी असूलगरी दाखिला गर्ने रु

असुल गर्नुपर्ने	७,५२५

३० **नगदी रसिद** - पालीकाले कम्प्युटराइज सिस्टम प्रयोगमा नल्याई सबै वडा कार्यालय र पालीकामा नगदी रसिद प्रयोग गरी ल्याएको छ । पालीकाबाट प्राप्त विवरण अनुसार तथा रसिद नियन्त्रण खाता अनुसार निम्नानुसार आम्दानी तथा (नगदी रसिद प्रति ठेली ५० प्रति र मालपोत प्रति ठेली १०० प्रति) खर्च भएको देखिन्छ ।

मिती	रसिद विवरण	आम्दानी	खर्च	बाँकी
०७९।४।१	सि न १देखि३०५० सम्म(जिम्मेवारी)	६१ ठेली	६१ ठेली	नभएको
०७९।७।२३	सि न ३०५१देखि५००० सम्म(नयाँ छपाई)	३९ ठेली	३६ ठेली	३ ठेली
०७९।४।१	सि न १ देखि१००० सम्म(नयाँ छपाई)	२० ठेली	१६ठेली	४ठेली
	नगदी रसिद आम्दानी	१२० ठेली	१०६ ठेली	७ ठेली

मालपोत रसिद

मिती	रसिद विवरण	आम्दानी	खर्च	बाँकी
०७९।४।१	सि न १देखि४००० सम्म(जिम्मेवारी)	४० ठेली	४० ठेली	नभएको
०८०।२।२२	सि न४००१देखि४४०० सम्म(नयाँ छपाई)	४ ठेली	४ ठेली	नभएको
	जम्मा	४४	४४	

वडा तर्फ

वडा नं	सि न	ठेली संख्या	प्रकार	बुझीलिने जिम्मेवार पदाधिकारी	पद
१	१८५१ देखि २१०० सम्म	५	नगदी	एमाम हुसेन	क.अ. वडा नं १
	२६०१ देखि २८०० सम्म	३	मालपोत		
	३७०१देखि३८०० सम्म		मालपोत		
२	१४५१ देखि १६५० सम्म	४	नगदी	जित मोहन दास	खरीदार
३	१६५१ देखि १८५० सम्म	४	नगदी	महेन्द्र राउत	वडा सचिव
	५०१देखि ९०० सम्म	४	नगदी		
४	१ देखि २५० सम्म	५	नगदी	मोजेलाल	वडा सचिव
	१ देखि ५०० सम्म	५	मालपोत		
	३३०१देखि ३६०० सम्म	३	मालपोत		

५	१२५१ देखि१४५० सम्म	४	नगदी	विजय कुमार सिंह	वडा सचिव
	४०१ देखि ४५० सम्म	१	नगदी		
	९०१ देखि१४०० सम्म	५	मालपोत	लालबाबु दास	क.अ. वडा नं ५
	४२०० देखि४३०० सम्म	१	मालपोत		
६	२५१देखि ५०० सम्म	५	नगदी	राजनारायण राय यादव र अरबिन्द यादव	वडा सचिव र क.अ
	१५०१ देखि १९०० सम्म	४	मालपोत		
	३९०१देखि ४०००सम्म	१	मालपोत		
७	५०१देखि ८०० सम्म	६	नगदी	विनोद दास।रुपनारायण महतो र खुश्वु पटेल	वडा सचिव र क.अ
	३०५१देखि ३२५० सम्म	४	नगदी		
	५५१ देखि६५० सम्म	२	नगदी		
	४००१देखि ४२०० सम्म	४	नगदी		
८	१०५१देखि१२५० सम्म	४	नगदी	लालबाबु राय यादव, अनिल पाल र वशिष्ट राय यादव	वडा सचिव, क. अ.रा वडा अध्यक्ष
	३९०१देखि ४००० सम्म	२	नगदी		
	४२५१ देखि ४४०० सम्म	३	नगदी		
	४४०१ देखि ४५०० सम्म	२	नगदी		
	२०१देखि २५० सम्म	१	नगदी		
	३०१देखि ३५० सम्म	१	नगदी		
	४५१ देखि ५०० सम्म	१	नगदी		
	७०१ देखि ८०० सम्म	२	नगदी		
	१९०१ देखि २३०० सम्म	४	मालपोत		
	३६०१ देखि३७०० सम्म	१	मालपोत		
	३८०१ देखि ३९०० सम्म	१	मालपोत		
९	८०१ देखि १०५० सम्म	५	नगदी	गोविन्द ठाकुर	क.अ.
	२३०१ देखि २६०० सम्म	३	मालपोत		
	२९०१ देखि ३२०० सम्म	३	मालपोत		
	४३०१ देखि ४४०० सम्म	१	मालपोत		

पालीका तर्फ

पालिका तर्फ	सि न	ठेली संख्या	प्रकार	बुझीलिने जिम्मेवार पदाधिकारी
१	२१०१ देखि २१५० सम्म	१	नगदी	राम विश्वास पासवान (कार्यालय सहयोगी)
	२२५१ देखि २४५० सम्म	४	नगदी	
	१ देखि १०० सम्म	२	नगदी	
	१४०१ देखि १५०० सम्म	१	मालपोत	
२	२१५१ देखि २२५० सम्म	२	नगदी	राजबहादुर ठाकुर(अधिकृत छैंठौ)
	९०१ देखि १००० सम्म	२	नगदी	
	४००१ देखि ४२०० सम्म	२	मालपोत	
३	२९०१ देखि२९५० सम्म	१	नगदी	रामनाराय सहनी (पोषण स्वयंमसेवक)
	३३५१देखि ३४०० सम्म	१	नगदी	
	३७०१ देखि३९०० सम्म	४	नगदी	
	२५१ देखि ३०० सम्म	१	नगदी	
	६५१ देखि७०० सम्म	१	नगदी	
	२८०१ देखि२९०० सम्म	१	मालपोत	
	३२०१देखि ३३०० सम्म	१	मालपोत	
४	२४५१ देखि २६५० सम्म	४	नगदी	विजय कुमार साह (रोजगार सहायक)
	२७०१देखि २९००सम्म	४	नगदी	
	२९५१देखि ३०५० सम्म	२	नगदी	
	३५०१देखि ३५५० सम्म	१	नगदी	
५	२६५१ देखि२७०० सम्म	१	नगदी	मदुनन्दन ठाकुर (कृषि शाखा)
६	३२५१देखि ३३५० सम्म	२	नगदी	नागेश्वर राय (सरसफाई सुपरिभाइजर)
	३४०१देखि ३५०० सम्म	२	नगदी	
	३६०१देखि ३७०० सम्म	२	नगदी	
७	३५५१देखि ३६०० सम्म	१	नगदी	उमाशंकर सहनी (जिम म्यानेजर)
	४२०१देखि ४२५० सम्म	१	नगदी	
८	३५१देखि ४०० सम्म	१	नगदी	रामजी साह (अमिन)

९	३४५१देखि ३५०० सम्म	१	नगदी	अनवर आलम (एम्बुलेन्स चालक)

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखीला नगरेको देखीन आएमा सम्बन्धीत कार्यालय प्रमुखले १० दीन सम्म ढिला गरेको भए दाखीला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी सो समेत दाखीला गर्न लगाउने र सो भन्दा बढी ढीलो गरेको भए दश प्रतिशतका दरले जरीवाना गरी दाखीला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । तर पालीकाले उल्लेखित रसिद र सो वाट उठेको रकम दाखीला र बाँकी को प्रमाणित विवरण पेश गरेको छैन । लेखापरीक्षणकै क्रममा उठाएको रकम व्यक्ति विशेषले नै चलन गरेको समेत जानकारी प्राप्त भएकोले पालीकाले छानविन गरी नियमानुसार असूल गरेर संचितकोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३३ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम,

कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३४ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले बजेट सभामा पेश गर्नुपर्नेमा पालिकाको प्रमुखले मिति २०७९ असार १० मा रु. ५९ करोड ११ लाख ३९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट सोही दिन २०७९ असार १० मा पारित भएको छ ।नगरसभाबाट पूजिगत शिर्षकमा १३३ योजना तथा कार्यक्रम स्विकृत भएकोमा कार्यपालिकाको विभिन्न ९ पटकको बैठकको निर्णयले सवै योजना सँशोधन गरी एक पल्ट सँशोधन भएका योजना तथा क्रियाकलाप समेत पूनः सँशोधन गरी १४३ योजना सँशोधन गरी कार्यान्वयन गरेको छ । साथै उक्त योजना तथा कार्यक्रमहरु २०८० को नगरसभाबाट पास भएको भनियता पनि उक्त निर्णयमा नगर प्रमुख बाहेक अरुको हस्ताक्षर नरहेको पाईयो । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष वडागत पुर्वाधार विकासमा रु. ६ करोड अबण्डा बजेट व्यवस्था गरी कार्यपालिकाको निर्णयले खर्च गरेको छ। जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल १३३ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या
१.	वडा गत र नगरपालिका स्टरीय	१३३	१०	९३	३०

उपर्युक्त विवरण अनुसार पालिकाले साना र मुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका सवै योजना कार्पालिकाको विभिन्न ९ निर्णयले सँशोधन गरी कार्यान्वयन गरेकोले नगरसभाको अधिकाशँ योजनाहरु कार्यान्वयन भएको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

३७ **लक्ष्य प्रगति -** कार्यालेयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको तोकिए बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ३४ करोड ६६ लाख ३५ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

सि न	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च (%)
१	आर्थिक विकास	२,५७,०८,८३८.००	१,२१,९०,६५१.००	४७.४२

२	सामाजिक विकास	२२,४५,२८,८६४.००	१९,२१,१४,७४६.११	८५.५६
३	पूर्वाधार विकास	१७,६१,५१,१९१.००	१०,५१,९५,३०६.००	५९.७२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२,२२,००,०००.००	१,४३,५१,२०५.००	६४.६५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	३०,७८,०७,११६.४५	२४,२६,०३,८१८.८६	७८.८१
कुल जम्मा		७५,६३,९६,००९.४५	५६,६४,५५,७२६.९७	७४.८८

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको र कार्यपालिकाको विभिन्न पटकै निर्णयले कायम भएका बजेट मध्ये समाजिक विकासमा सबैभन्दा बढी ८५.५६ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४७.४२ प्रतिशत खर्च रहेको छ ।

सैद्धान्तिक बेरुजु

४० **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु १ करोड २३ लाख राजस्व बाँडफाँड र अनुदानबाट रु ५५ करोड ८७ लाख ४२ हजार समेत रु ५७ करोड १० लाख ४३ हजार आम्दानी भएकोमा चालु तर्फ रु ३८ करोड २८ लाख ६ हजार र पूँजिगत तर्फ रु १८ करोड ३६ लाख ४९ हजार समेत रु ५६ करोड ६४ लाख ५५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २।१७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु १ करोड ४९ लाख ८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ पुजिँगत निर्माणको अधिकाशँ खर्च चालु प्रकृतिको रहेको छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **मध्यकालीन खर्च संरचना -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेता पनि सो अनुसार योजना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न गरी आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

सैद्धान्तिक बेरुजु

४२ **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सीमा नाघी तथा एक शिर्षकको खर्च अन्य शिर्षकमा खर्च गर्न नहुने उल्लेख छ । तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा फरक शिर्षक तथा कार्यक्रममा खर्च गर्ने गरेको छ । निर्धारित बजेटको सीमा नाघी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । जसका केही उदाहरण निम्नानुसार रहेको छ

गो भौ न	खर्च हुनुपर्ने शिर्षक	खर्च भएको शिर्षक	रकम
२८२,२०७९।१०।११	अन्य कार्यालय सन्चालन खर्च	अन्य सहायता	८००००।००

४१४,२०७९।१२।२७	मेशीनरी औजार	विद्युतिय समाग्री	७५४८४।००
४१७,२०७९।१२।२७	विविध कार्यालय सन्चालन खर्च	अन्य कार्यालय संचालन खर्च(न्यायीक समिती तथा कार्यपालिकाका विषयगत समिति र वडा कार्यालय सन्चालन खर्च तथा अन्य सन्चालन खर्च	४६०४५।००

सैद्धान्तिक बेरुजु

४३ **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले चौमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । हजारमा

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च			आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	
पुँजीगत खर्चतर्फ	१८३६४९	४२६४३	१९००९	१२१९९७	९०५५१
प्रतिशत		२३	१०	६७	४९

उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १८ करोड ३६ लाख ४९ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.४ करोड २६ लाख ४३ हजार (२३ प्रतिशत), दोस्रो चौमासिकमा रु १करोड९० लाख (१० प्रतिशत) र तेस्रो चौमासिकमा रु. १२ करोड १९लाख १७ हजार (६७ प्रतिशत) खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु ९ करोड ५ लाख ५१ हजार (४९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.९३ लाख ३८ हजार भुक्तानी दिएको पाईयो ।यस्तो खर्चमा निति नियम बनाई मितव्ययिता कायम गर्नु पर्दछ ।यसका केही उदाहरण निम्नानुसार रहेका छन् ।

क्र सं	प्रयोजन	भुक्तानी पाउने संस्थाको नाम	रकम
१	छठ घाट सजावट तथा व्यवस्थापन कार्य न.पा.भरी	अरुण पासवान	५,००,०००.००
२	मेयर कप क्रिकेट टुर्नामेन्ट कार्यक्रम	लेजेंड क्लव अफ रा ैतहट	१४,४७,७०७.००
३	हिला हिन्सा विरुद जनचेतना तालिम कार्यक्रम गरुडा न.पा.	सृजनात्मक समाज कल्यान केन्द्र नेपाल	६,९८,०००.००
४	वील चेयर खरिद गरी वितरण गनृ कार्य गरुडा न.पा.१ देखि ९ सम्म	लेजेंड क्लव अफ रा ैतहट	२,९१,०००.००
५	छठघाट सजावत तथा व्यवस्थापन	विभिन्न	३,०६,६४१.००
६	शैक्षिक भ्रमण अनुदान श्री मा वि गेडहीगुठी गरुडा न पा २	श्री मा.वी.गेडहीगुठी	५०,०००.००
७	महिला हिंसा विरुद्ध जनचेतना तालिम कार्यक्रम गरुडा न.पा.७	अनुशासन महिला विकास सेवा केन्द्र नेपाल	७,६६,३००.००

सैद्धान्तिक बेरुजु

४५ **कानुनी सल्लाहकार -** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस बर्ष कानूनी सल्लाहकार हरी शँकर प्रसाद शाह लाई मासिक रु ४३०००।०० का दरले ५१६०००।०० र गणेश पाण्डे लाई मासिक रु २५०००।०० का दरले फाल्गुन देखि जेष्ठ सम्मको तलब रु १०००००।०० र ७ थान कानुन बनाएको प्रति कानुन रु ३००००।०० का दरले रु २१००००।०० गरी जम्मा रु ३१००००।०० समेत रु ८२६०००।०० भुक्तानी दिएको छ । सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्य विवरण तयार नगरेको साथै निजको कार्य सम्पादन अभिलेख र विल विजक समेत नराखी भुक्तानी दिएको नियमसम्मत देखिदैन ।रु

अनियमित भएको	८,२६,०००

४६ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४७ **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले शसर्त र समानीकरण शिर्षकबाट विजय मेडिसन सप्पलायर्ससँग रु ४८९६४९९।०० को औषधि शिलबन्दी तथा कोटेशनको माध्यमबाट खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २५९८ जना रहेका छन। पालिकाले केसरी एण्ड सन्स प्रा लि बाट २२५७८ थान स्यानिटरी प्याड रु.२३११३८०।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा २०८०।३।२२ गते वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४९ **न्यानो झोला कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ बर्थिङ सेन्टरका लागी यस वर्ष १११० थान रु. ९९८४२३।०० को सेनिटरी प्याड खरिद गरेकोमा सवै न्यानो झोला मौज्दातमा रहेको पालिकाको स्टोर दाखिला प्रमाणमा देखिन्छ । पालिकाले जिन्सी किताब अध्यावधिक गरी मौज्दात एकिन गरीनु पर्दछ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **परामर्स तथा डीपीआर खर्च -** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
नगरपालिकाको सँगठन तथा व्यवस्थापन सर्वेक्षण	समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर	४९७२००।००	४९७२००।००	नखुल्ने
नगरपालिकाको डि पी आर तयार गर्ने कार्य	ईम्पेरिकल ईन्जिनियरिङग कन्सकल्टेन्सी प्रा.ली.	१९,४९,०६४.००	१९,४९,०६४.००	नखुल्ने
भू उपयाेग क्षेत्र नक्सा अधयावधिक कार्य	ज्योमेटिक्स सोलुशन प्रा.लि.	६,९६,५००.००	६,९६,५००.००	नखुल्ने
कृषि सम्बन्धी सम्भावियता अध्ययन	हिमाल मल्टिप्रपोज रिसर्च एण्ड डेभलपमेन्ट प्रा.लि.	४,९८,८९५.०	४,९८,८९५.०	नखुल्ने
जम्मा:		३१४४४५९.	३१४४४५९.	

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

सैद्धान्तिक बेरुजु

५१ **बीमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिएदेखि वाहेक सम्पुर्ण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । पालिकाले अधिकाशँ ठेक्का तथा उपभोक्ता समितीबाट काम गराएकोमा वीमा नै नगराइ निर्माण कार्य गराएको देखिन्छ। यसरी वीमा नगराइ नियमावलीले गरेको व्यवस्था विपरीत खरिद सम्झौता गर्ने पदाधिकारीलाइ जिम्मेवार वनाइ वीमा गरेर मात्र निर्माण कार्य गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने

व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा हाराहारी परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान हाराहारी नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३ **अधुरा आयोजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार योजनाको अधुरो लागत अनुमान तयार गरी लागत अनुमान सम्मको कार्य सम्पन्न तयार गरेको पाईयो । यसरी अधुरो निर्माण कार्यलाई अर्को बर्षमा निरन्तरता समेत नदिएकोले सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।यसका उदाहरण निम्नानुसार रहेका छन्

गो भौ न र मती	निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम र कामको व्यहोरा	भुक्तानी रकम	कैफियत
१५०,२०८०।२।२८	अधुरो दुर्गा मन्दिर निर्माण कार्यको रकम अधूरो दुर्गा मन्दिर निर्माण उपभोक्ता समिति लाइ भुक्तानी ।	४८४७७२	डि पि सी सम्मको मात्र ल ई तयार गरी कार्य सम्पन्न बनाएको ।
१६५,२०८०।३।३	वडा भवन निर्माण कार्यको रकम प्रगती शिल उपभोक्ता समिति गरुडा न.पा.१ जयनगर लाइ भुक्तानी ।	१२६०२८१	डि पि सी र ३ फिट पिल्लर सम्मको मात्र ल ई तयार गरी कार्य सम्पन्न बनाएको ।
१८४,२०८०।३।२०	वडा न ९ मा सडक निर्माण र आर्य घाट व्यवस्थित गरी सौन्दरीकरण को लागी फुलमत माई उपभोक्ता समिति लाइ भुक्तानी ।	११५७८०३	आर्य घाटको काम डि पि सी सम्म मात्र ल ई तयार गरी कार्य सम्पन्न बनाएको ।
२०९,२०८०।३।२३	पशुपति प्रा वि को विद्यालय भवन निर्माणको लागी पलकियामाइ उपभोक्ता समिति गरुडा न.पा.३ मलाही लाइ भुक्तानी ।	८७२९५१	सुपर स्टक्चर सम्मको काम गरेको ।

सैद्धान्तिक बेरुजु

५४ **जटिलसंरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी,

निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१४,२०८०/०३/२१	जय भगवती उपभोक्ता समिति गरुडा न.पा.८	आर सी सी नाला तथा पी सी सी सडक निर्माण, गरुडा नगरपालिका वार्ड ८	२४,९६,५९७.००
१९,२०८०/०३/२३	लक्ष्मी झाेलुङगे पुल निर्माण उ.स.गरुडा न.पा.७ पिपरीया दाे	जिरात घाट , मदरसा घाट, पिपरिया तरहरी, पछ्गचिया दोर, दोहोरघाट झाझ, झाँझ खोला शिवनगर - गेड़ही, चांदी खोला गेड़ही बिनागारा, माझ (झाझा) नदी महमदपुर, गरुडा नपा, रौतहट (**80220404511)]**	११,२४,९४८.००
१८४,२०८०।३।२०	फुलमत माई उपभोक्ता समिति	वडा न ९ मा सडक निर्माण र आर्य घाट व्यवस्थित गरी सौन्दरीकरण	११५७८०३
२०९,२०८०।३।२३	पलकियामाइ उपभोक्ता समिति गरुडा न.पा.३ मलाही	पशुपति प्रा वि को विद्यालय भवन निर्माण	८७२९५१

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५५ **कानून विपरीतको स्तर वृद्धि -** नेपालको संविधान, २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवा गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था छ भने दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । कर्मचारी समायोजन ऐन, २०७५ (२) (क) मा कर्मचारी समायोजन अध्यादेश २०७५ प्रारम्भ हुँदाका वखत स्थानीय तहमा कार्यरत कर्मचारीलाई अन्य सेवाका कर्मचारी मानिने उल्लेख छ । समायोजन ऐनको दफा योजन ७(८) मा सरकारी सेवामा तहगत रुपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्नुपर्दा प्रदेश वा स्थानीय तहको सेवाको सम्बन्धीत तहमा समायोजन गरिने व्यवस्था छ । संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारीको सेवा सर्त सम्बन्धी प्रदेश कानून हाल सम्म निर्माण भई लागु भएको छैन । नगर सभाले गरुडा नगरपालिका रौतहटमा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ जारी गरी नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा समायोजन ऐन, २०७५ को दफा ६ बमोजिम समायोजन भै आएका कर्मचारीहरुको स्तर वृद्धि गर्ने कानून निर्माण गरी कार्यपालिकाको निर्णय अनुसार १० जना कर्मचारीको स्तर वृद्धि गरेको पाइयो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका

विषयमा बनाएको ऐन स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्ने र राजपत्रमा प्रकाशन नभए सम्म त्यस्तो कानून लागु नहुने उल्लेख व्यवस्था भएकोमा राजपत्रमा प्रकाशन भएको देखिएन ।यस्तै प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २(झ) अनुसार स्थानीय सेवाको पदलाई प्रदेश सेवा पद भनि व्याख्या भएको र दफा ९(२)(ख) मा प्रदेश सेवाको पदमा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा प्रदेश लोक सेवा आयोगको परामर्श लिनु पर्ने उल्लेख छ । संविधानको व्यवस्था बमोजिम नगरपालिकाका कर्मचारी सम्बन्धी कानून हाल सम्म नबनेको र प्रदेश लोक सेवा आयोगबाट परामर्श समेत नलिएकोले उक्त स्तर वृद्धि सम्बन्धि निर्णय कानून सम्मत देखिएन । यसरी कानून सम्मत नदेखिएको निम्न कर्मचारीलाई माथिल्लो स्तरमा बढुगा गरेको भनि गत बर्ष बेरुजू औल्याएकोमा सो मा हालसम्म सुधार भएको छैन ।

सैद्धान्तिक बेरुजु

५६ **कर्मचारी व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरवन्दी वेगरका देहायका पदमा निम्नानुसार कर्मचारी नियुक्ति गरी तलव भत्ता भुक्तानी गरेको पाइयो/ स्वीकृत दरवन्दी वेगरको पदमा कर्मचारी राखी तलव भत्ता भुक्तानी गरेको पाइयो ।कार्यालय सहयोगी २४ जनालाई रु६६४३१५०।, सवारी चालक ७ जनालाई रु२२५४००० र सुचिकार(स्वीपर) १८ जनालाई रु२२०२०००। तलब भुक्तानी गरेको छ ।पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण नगरेकोले कार्यालयमा रहेको विभिन्न करार कर्मचारीहरु आवश्यकता हो होइन सम्बन्धमा यकीन हुन सकिएन ।साथै कर्मचारी नियुक्ति गर्दा सुचना निकाली परीक्षा मार्फत नभई तथा प्रतिस्पर्धा नगराई सोझै नियुक्ति गरेको छ ।कतिपय संझौतामा कर्मचारीको सेवा सुविधा विषय उल्लेख पनि भएको देखिएन। दरबन्दी नै नभएका कर्मचारी नियुक्तिको पुष्ट्याई तथा औचित्य पालिकाले पेश गरेको छैन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलव्धिमा समेत नकारात्मक असर पर्दछ । स्वीकृत दरबन्दी बेगरका पदमा कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने रु

पदको नाम	स्वीकृत दरवन्दी	पदपूर्ति	दरबन्दी भन्दा बढी पदपूर्ति	दरवन्दी भन्दा बढी को भुक्तानी
कम्प्यूटर अपरेटर	१	३	२	८३३५२०
सब इन्जिनियर	३	७	४	१६६७०४०
सहायक कम्प्यूटर अपरेटर	१७	२२	५	१६८००००
सुपरभाइजर	०	६	६	८७५१६०।००
जम्मा				५०५५७२०।००

अनियमित भएको	५०,५५,७२०

५७ **प्रोत्साहन भत्ता -** नेपाल सरकार अर्थ मन्त्रालयद्धारा जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धि मापदण्ड२०७८ को दफा ११(१) बमोजिम कुनै प्रकारका प्रोत्साहन तथा विशेष भत्ता प्रदान गरिने व्यवस्था छैन ।नगरसभाले मापदण्ड विपरीत निर्णय गरी जना कर्मचारीलाई वर्षभरी प्रोत्साहन भत्ता सुविधा वापत रु २८८९३० भुक्तानी गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५८ **जिन्सी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५९ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका सँग घर जग्गाको लगत , सवारी साधनको लगत ,उपकरणको लगत ,सरकारी सार्वजनिक जग्गाको लगत तथा सो को सँरक्षणको लागी गरेको प्रयासको विवरण माग गरेकोमा सो अनुसारको विवरण पेश गरेको छैन । यस्तो विवरण पेश नहुँदा मितव्ययी तरिकाले खरिद गरेको, जिन्सी दाखिला तथा सँरक्षण, अन्यत्र असम्न्धित क्षेत्रमा खर्च प्रवाह गरेको, विग्रेको टुटे फुटेको प्रयोग नभएको, गुणस्तरीय सामग्री संरचना भएको सरकारी सम्पती सँरक्षण गरेको तथा सरकारी सार्वजनिक जग्गा सँरक्षण गरेको सम्बन्धमा विश्वस्त हुन सकिएन ।

सैद्धान्तिक बेरुजु

६० **कानून र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४६ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, १ वटा नियमावली, ७ कार्यविधि १ निर्देशिका समेत २१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । आवश्यकता अनुसार बाँकि कानून बनाई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६१ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको २ गरी कुल ६ विवाद दर्ता भएकोमा उक्त समितीको बैठक नबसेको कारण सवै उजुरी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **कार्यसम्पन्न -** जिरा घाटको झोलुङ्गे पुल निर्माण गर्न पार्ट खरीदको लागी रु २६२१०९९ भुक्तानी भएको छ भने स्टक्चर बनाउनको लागी उपभोक्ता समिती लाई रु ११२४९४८ भुक्तानी दिएकोमा एकीकृत नापी किताब सहीत कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु

प्रमाण पेश नगरेको	११,२४,९४८

६४ **विपद् व्यवस्थापन -** विपद् व्यवस्थापन कोष तर्फ उद्धार राहत तथा पुर्नस्थापना खर्च वापत चालु वर्ष रु १३९४५५० खर्च भएकोमा कार्यपालिकाको निर्णयबाट आर्थिक सहायता उपलब्ध गराएको पाईयो। तर उक्त कोषबाट गरीने उद्धार राहत तथा पुर्नस्थापना सम्बन्धी कार्यको कार्यविधि तयार नगरी पटके निर्णयबाट खर्च गरेकोले कार्यविधि वनाई उक्त कोष संचालन गर्नुपर्दछ । उदाहरणको लागीः

गो भौ।मिती	भुक्तानी पाउनेको नाम	आर्थिक सहायता
९।०७९।७।१६	हृदय कुमार कलवार	१५००००
१३।०७९।७।३०	संजय कुमार साह	१०५०००
१४।०७९।८।७	संगीता देवि	२०००००
१७।०७९।९।११	संदिप गुप्ता	१०५०००
जम्मा		५६००००

सैद्धान्तिक बेरुजु

६५ **सडक वोर्ड नेपाल** - सडक वोर्ड नेपालबाट प्राप्त भएका देहायका योजना तथा कार्यक्रममा सडक वोर्ड नेपालको तर्फबाट ७० प्रतिशत र जनसहभागीता वाट २० प्रतिशत र नगरपालिका वाट १० प्रतिशत ब्यहोर्ने गरी सम्झौता भै कार्यान्वयन भएकोमा सम्झौता बमोजिम नगरपालिकाले १० प्रतिशत रकम व्यहोरेको नदेखिदा नपुग रकम सडक वोर्ड नेपाल लाई फिर्ता पठाउनु पर्ने रु

गो भौ।मिती	कार्यक्रम	भुक्तानी पाउने	मुल्याङ्कन	नगरपालिकाले व्यहोर्नु पर्ने	फिर्ता पठाउनुपर्ने
२।०७९।१२।७	भुटा ठाकुरको खेत देखि निर्सु यादवको खेत नजिकको मुल सडक मर्मत	श्री समाज विकास उपभोक्ता समिति गरुडा	११४२३५४	११४२३५	११४२३५
३।०८०।२।३२	वार्ड नं ३,५,७,८र९ अन्तर्गत सडक मर्मत	श्री सडक मर्मत उपभोक्ता समिति गरुडा	५०७९६०१	५०७९६०	५०७९६०
जम्मा			६२२१९५५	६२२१९५	६२२१९५

असुल गर्नुपर्ने	६,२२,१९५

६६ **सुरक्षित आवास** - कार्यपालिकाको आ व २०७९।८० को निर्णय नं १ मिती २०७९।४।१८ वमोजिम गरुडा नगरपालिकामा स्थानीय तह स्तरीय भूमिहीन तथा अव्यवस्थित वसोवास व्यवस्थान सहजीकरण समिति नगरप्रमुखको संयोजकत्वमा गठन गरी उक्त समितिले व्यवस्थापनमा सहजीकरण गरेको पाईएन । सुरक्षित नागरीक आवास कार्यहरु अन्तर्गत वार्ड नं ५,६ र ७ मा ५० वटा आवास क्रमागत रहेकोमा चालु वर्ष सुरक्षित आवास अन्तर्गत रु ३८२५००० वजेट विनियोजन भएकोमा खर्च नभई फिर्ता गएकोले कार्यक्रम बमोजिम निर्दिष्ट कार्यमा खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **सोलार लाईट** - सोलार लाईट जडान सम्बन्धी जडान नगरपालीका र सम्बृद्य नेपाल इनर्जि प्रा लि बिच २०८०।३।६ मा सम्झौता भएको छ । सम्झौता अनुसार नगरपालिका क्षेत्रमा सोलार लाईट जडान गर्ने भनि उल्लेख भएकोमा पालीकाको कुन क्षेत्रमा कतिवटा जडान गर्ने उल्लेख नभएको र कार्यसम्पन्न

प्रतिवेदन पनि तयार नगरेकोले उक्त प्रा लि लाई भुक्तानी भएको रु ७९७५९९ को सम्बन्धमा स्पष्ट नभएको रु

प्रमाण पेश नगरेको	७,९७,५९९

६८ **सेवा शुल्क** - गरुडा नगरपालिका तथा क्रियटिभ ग्रुप अफ नेपाल मलोहिया बिच झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत उक्त संस्था सँग २०७६।५।२३ मा भएको कार्य प्रत्यायोजित सम्झौता अनुसार अन्तिम प्रतिवेदन बुझाउनु पर्नेमा आ व २०७५।७६ सम्मको सम्पन्न र बाँकी कार्यको विवरण प्रतिवेदनको आधारमा मिती २०७८।१२।१४ को विल वमोजिम रु ३१३८००।०० क्रियटिभ ग्रुप अफ नेपाल लाई भुक्तानी दिएको छ । विगत ४ वर्ष पुरानो सम्झौता र २ वर्ष पुरानो विलको आधारमा स्वीकृत कार्यक्रममा समावेश नगरी भुक्तानी भएको रकम एकीन नभएको रु

अनियमित भएको	३,१३,८००

६९ **नमूना विद्यालय** - नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ को क्रियाकलाप नं.२.७.१३.१३ बमोजिम शैक्षिक सुधारका कार्यहरु गर्न नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यक्रम अनुदान रकम बापत श्री माध्यामिक विद्यालय गरुडा बैरिया रु.८२,००,०००।-निकासा दिएको देखिन्छ । कार्यक्रम कार्यान्वयन पूस्तिका, २०७९/०८० को उल्लेखित क्रियाकलापको ९.१२ ले तोकेबमोजिम आ.ब. २०७९/०८० मा सम्पादन गर्ने कार्यक्रमहरु निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्झौ गरी सम्झौ अनुरुप काम गरे नगरेको नियमित अनुगमन गर्नुपर्ने भन्ने उल्लेख भएकोमा पालिका र विद्यालयबिच अनुदान रकम के कुन क्षेत्रमा खर्च गर्ने सम्वन्धमा कुनै सम्झौता भएको देखिएन । निकासाको प्रभावकारी प्रयोगका लागि समय समयमा अनुगमन भएको समेत देखिदैन । अत: खर्चको प्रभावकारीताको लागि कार्यक्रम कार्यान्वयन पुस्तिकाले तोके बमोजिम समय समयमा अनुगमन गरी खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

गो भो।मिती	विवरण	रकम
१३५।२०८०।०३।१९	शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदान	३००००००
	प्रोत्साहन अनुदान	२०००००
१२।०८०।३।१९	भौतिक निर्माण	५००००००
जम्मा		८२०००००

प्रमाण पेश नगरेको	८२,००,०००

७० **सक्कल विल पेश गर्नुपर्ने** - कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रीयाकलाप नं २.७.१३.५१ अन्तर्गत संस्थागत क्षमता विकास, परीक्षा संचालन एवम् विधार्थि मुल्याङ्कन कार्यक्रम का लागी पालिकाले निर्धारित बजेटको आधारमा सामाग्रीहरु खरिद गरी बिल भरपाई राख्नु पर्ने ब्यवस्था रहेको छ । पालिकाले मिती २०७९।१२।४ मा आई टि प्रिन्टीङ्ग गरुडा न पा ४ बाट विद्यालयलाई प्रिन्टीङ्ग सामाग्री खरिद गरी बिजक नं १२ र १३ बाट रु २०५८१६(मू अ कर सहित) भुक्तानी गरेकोमा सक्कल बिल नरहेकोले सक्कल बिल पेश गर्नु पर्ने रु

प्रमाण पेश नगरेको	२,०५,८१६

७१ **विषय शिक्षक सहयोग अनुदान -** कार्यक्रम कार्यान्वयन पूस्तिका, २०७९/०८० को क्रियाकलाप न.२.७.१३.४० मा माध्यामिक तह कक्षा (९-१०) मा र क्रियाकलाप न.२.७.१३.४० मा आधाभूत तह (६-८) मा अग्रेजी,गणित र विज्ञान विषय शिक्षण सहयोग अनुदान वापत शुन्य दरबन्दी रहेको विद्यालयमा २ जना र १ जनामात्र दरबन्दी रहेको विद्यालयमा शिक्षण सहयोग अनुदानबाट १ गरी जम्मा २ जनालाई सहयोग गर्ने व्यवस्था रहेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाले नै शिक्षकको विषय समेत स्पष्ट गरेको देखिएकोमा देहाय बमोजिम का शिक्षक हरुको नियुक्ती मा कुन बिषय हो सोको उल्लेख नभएको हुदा निम्नानुसारका विद्यालय बाट शिक्षकहरुको विषय खुल्ने गरी नियुक्ती पत्र पेश गर्नु पर्ने रु ११३९७०।००

गो भौ।मिती	भुक्तानी पाउने विद्यालय	शिक्षकको नाम	तह	तलब स्केल	महिना	भुक्तानी रकम
२३।०७९।०६।२५	श्री मा वि पिपरीया	कृष्ण कुमार यादव	मा वि	३७९९०	३	११३९७०
जम्मा						११३९७०

प्रमाण पेश नगरेको	१,१३,९७०

७२ **छात्रा छात्रवृत्तीमा बढी भुक्तानी -** नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा ०७९।८० उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ ।जिल्ला शिक्षा समन्वय कार्यालय बाट प्राप्त ईमिस का अनुसार विद्यालय लाई महिला छात्रवृत्ति प्रति विधार्थि रु ४०० का दरले अनुदान दिनुपर्ने व्यवस्था रहेको छ तर यस पालिकाबाट निम्नानुसार भन्दा बढी हुने गरी बिद्यालयहरु मा बढी भुक्तानी गएको हुदा सम्बन्धीत बिद्यालय बाट बढी निकासा दिएको रकम असूल हुनुपर्ने रु.

विद्यालयको नाम	कक्षा	छात्रा विधार्थिको संख्या		बढी रकम
		ईमिसमा	भुक्तानी	
श्री रामचन्द्र मा वि	६	४८	९५	१८८००
श्री नयाँ प्रा वि विर्ता	४	२२	२५	१२००
श्री अनाथालय प्रा वि	२	१३	१९	२४००
	३	१७	१९	८००
श्री गरुडा मा वि	२	४३	४७	१६००
	७	६०	६५	२०००
	८	८२	९७	६०००
श्री मा वी गेहडीगुठ्ठी	२	६५	७६	४४००
	५	१०७	११३	२४००

	७	६४	१००	१४४००
श्री आ वी जयनगर	६	३७	५५	७२००
श्री मदरसा प्रा वि	१	६१	७६	६०००
श्री अमरपट्टी प्रा वि	१	२४	२९	२०००
श्री प्रा वि पोठीयाहि वडा नं ४	१	४५	७२	१०८००
	४	५२	६३	४४००
श्री पोठीयाहि प्रा विवडा नं ५	१	२३	३३	४०००
	३	२७	३५	३२००
श्री मा वि महम्मदपुर	२	३५	४०	२०००
	३	७४	५२	८८००
	४	६४	७४	४०००
श्री मा वि श्रीपुर गम्हरीया	६	६२	७१	३६००
श्री शहिद लाल बाबु दास प्रा वि	५	१८	२१	१२००
	२	१९	२६	२८००
श्री मा वि पिपरीया दोस्तीया	१	१४	२२	७२००
	२	२०	३५	६०००
	३	२१	६८	१८८००
	४	४८	६०	४८००
जम्मा				१५०८००

असुल गर्नुपर्ने	१,५०,८००

७३ **झोलुङ्गे पुल** - गरुडा नगरपालिका वडा नं ७ पिपरीया जिरा घाटमा झोलुङ्गे पुल निर्माण गर्ने प्रयोजनको लागी ठेक्का नं ४।०७७।७८ मा स्टील पार्टस सप्लाई कार्यको लागी जलप।माया।जे भि संग २०७८।८।१० मा रु २६२१०९९।५५ (मु.अ. कर सहित) मा सम्झौता गरी मिती २०७९।५।२९ मा रु २६२१०९९ भुक्तानी गरेको मा देखीएको थप व्यहोरा निम्नानुसार छन् ।भौ नं १९।२०८०।३।२३ बाट झोलुङ्ग पुल निर्माण उपभोक्ता समिती ले भुक्तानी लिदा फेव्रीकेसन पार्टस ढुवानी वापत रु ६४४५६।७४ खर्च समावेश गरेकोमा जलप। माया। जे भि ले पनि ढुवानी वापत ६०६८२।३० भुक्तानी लिएकोले दोहोरो खर्च गरेको रकम असूल हुनुपर्ने रु

असुल गर्नुपर्ने	६०,६८२

७४ **मातृ तथा नवशिशु कार्यक्रम** - संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा कार्यहरु अन्तर्गत सुत्केरी आमाले डिस्चार्ज हुने वेलामा यातायात वापत

रु १ हजार र चारपटक वा आठ पटक गर्भवति जाँच गराए वापत रु ८०० दिने गरी निम्नानुसार पेश्की तथा संचालित हेल्थपोष्ट लाई रकम भुक्तानी गरेकोमा निम्नानुसार सुत्केरी तथा गर्भवतीले बुझेको भरपाई तथा फाँटबारी पेश नभएको रु

गो भौ।मिती	व्यक्ति तथा स्वास्थ्य संस्थाको नाम	रकम	अवधि
८०।०७९।१०।२०	कोठीयाही स्वास्थ्य चौकी	२८६४००	२०७९ श्रावण देखि कार्तिक
८०।०७९।१०।२०		३७४२००	२०७९ चैत्र देखि २०८० आषाढ
८६।०७९।११।३०	राम नरेश राय यादव	८२५६००	२०७९ श्रावण देखि कार्तिक
१२१।०८०।२।१०	महम्मदपुर हेल्थपोष्ट	७०४०००	२०७९ श्रावण देखि कार्तिक
१५३।८०।३।२०		६७९६००	२०७९ मंसिर देखि माघ
१७५।०८०।३।२२		२७४०००	२०८० वैशाख देखि आषाढ
जम्मा		३१४३८००	

प्रमाण पेश नगरेको	३१,४३,८००

७५ **भ्रमण खर्च -** स्थानीय तहका स्वास्थ्य चौकी, प्रा स्वा के र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब, महंगी भत्ता , स्थानीय भत्ता , पोषाक लगायत प्रशासनिक खर्च समेतको शिर्षक र स्वास्थ एवं ल्याब समाग्री ढुवानी रेकर्डीङ्ग तथा रिपोर्टीङ्ग बाट निम्नानुसार पालिकाका कर्मचारी हरु लाई असम्बन्धीत कामका लागी भ्रमण खर्च दिएकाले सम्बन्धीत बाट असूल उपर गरी संघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु

गो भौ।मिती	कर्मचारीको नाम	पद	भ्रमण अवधी	भ्रमण गर्ने स्थान	भ्रमण उध्येश्य	भुक्तानी रकम
४५।०७९।८।८	रामबाबु राय यादव	प्र प्र अ	०७९।६।९ देखि ६।१४	काठमाँडौ	संघीय मन्त्रालयमा काम	१२०००
	कुमार ठाकुर	लेखा प्रमुख	०७९।४।१२ देखि ५।१५	गौर	आ ले प सम्बन्धि छलफल	५३००
			०७९।५।२४ देखि ५।२८	गौर	प्रथम त्रैमासिक निकासा गराउने	६९००
१०६।२०८०।१।७	रामबाबु राय यादव	प्र प्र अ	०७९।९।३ देखि ९।८	काठमाँडौ	नखुलेको	१२४००
	कुमार ठाकुर	लेखा प्रमुख	०७९।४।१२ देखि ५।१५	गौर	को ले नि का मा गएको	४४००
			०७९।४।१२ देखि ५।१५	काठमाँडौ	नखुलेको	७२००
	राम विनोद साह	कम्प्युटर अपरेटर	०७९।९।११ देखि ९।१४	गोर	कर्मचारी संचय कोक्ष	५०००

जम्मा	५३२००

असुल गर्नुपर्ने	५३,२००

७६ **हात्तिपाईले रोग बिरुद्धको आम औषधि सेवन कार्यक्रम -** स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९।८० अन्तर्गत रहेको हात्तिपाईले रोग बिरुद्धको आम औषधि सेवन कार्यक्रम यसै मार्गदर्शन अनुसार संचालन गर्नु पर्दछ । तर सि अ न मि ममता देविले लिएको रु १० लाखको पेश्की फछ्र्यौट गर्दा देहायबमोजिमका क्रीयाकलापहरुमा तोकिएभन्दा बढी खर्च गरेकोले नियम सम्मत नदेखिएको रु

कार्यक्रमको नाम	मार्गदर्शन अनुसारको रकम	बास्तविक खर्च रकम	बढी खर्च रकम
अनुगमन तथा निरीक्षण	२५०००	२७०००	२०००
औषधि तथा सामान ढुवानी	१००००	१३५००	३५००
सम्भावित घटना व्यवस्थापन	१००००	२७९००	१७९००
ब्यानर तयार तथा टाँस	३६०००	५८५००	२२५००
जम्मा	८१०००	१२६९००	४५९००

अनियमित भएको	५३,२००

७७ **पोषण सुधार -** रामनारायण सहनीको नाममा रहेको पोषण सुधार सम्बन्धि अनुदान तथा कार्यक्रम बापत पेश्की रु ८ लाख फछ्र्यौट गर्दा पोषण सुधारको लागी विपन्न समूदायका महिला समूह वा सहकारीहरुलाई विपन्न समुदायहरुको आय आर्जन कार्यहरु सुधार गर्न अनुदान दिने कार्यक्रम मा रु ६२५०००।०० अनुदान वितरण गरेको अनुदान को छनौट आधार तथा अनुदान दिएको भरपाई प्रमाण कागजात पेश नभएकोले । रु

प्रमाण पेश नगरेको	६,२५,०००

७८ **दर भन्दा बढी खाजा खर्च -** स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९।८० अन्तर्गत रहेका कार्यक्रम संचालन गर्दा प्रति सहभागी रु २०० का दरले खाजा खर्च गर्नुपर्ने ब्यवस्था रहेको छ । तर यस पालिकाले देहायका कार्यक्रमहरु संचालन गर्दा रु २२५ का दरले खर्च गरेको हुदा कार्यक्रम संचालन गर्ने सम्बन्धित पदाधिकारी बाट असूल गरी संघीय संचितकोषमा दाखीला गर्नु पर्ने रु

गो भो।मिती	कार्यक्रमको नाम	सहभागीताको सङ्ख्या	असुल गर्नुपर्ने रकम
१५९।२०८०।३।२२	नियमित खोप कार्यक्रम	१७२	४३००
	ANC TO PNC	४०	१०००
	CBIMNCI अनसाइट कोचीङ्ग	४२०	१०५००
२०६।२०८०।३।३०	हात्तिपाईले रोग बिरुद्धको आम औषधि सेवन कार्यक्रम	१०८५	२७१२५
जम्मा			४२९२५

असुल गर्नुपर्ने	४२,९२५

७९ **माछा** - सघीय शसर्त अनुदानतर्फ आत्मनिर्भरताका लागी कृषि उत्पादन कार्यक्रम अन्तर्गत माछा उत्पादन प्रबर्द्धन कार्यक्रमको लागी रु ५६ लाख २५ हजार बजेट विनियोजन भएकोमा उक्त रकम खर्च नभै फिर्ता भएको छ पालिकाले योजनाबद्ध किसिमले संचालन गरी आत्मनिर्भरता तर्फ उन्मुख हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८० **पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पूस्तिका, २०७९/०८० को क्रियाकलाप न.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक ब्यवस्थाका लागि ११ र १२ को विधार्थिको लागी आर्थिक वर्षको प्रथम त्रैमासिक भित्र विद्यालयलाई अनुदान दिनु पर्ने व्यवस्था रहेको छ । तर पालिका ले प्रथम त्रैमासिकमा नपठाई दोस्रो त्रैमासिक मा कक्षा १ देखि १० सम्मका सँगै पठाएको देखिन्छ तसर्थ पालिकाले सत्यापन गरी निःशुल्क पाठ्यपुस्तकको निकासा समयमै पठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८१ **बहाल कर** - आयकर ऐन, २०५८ को दफा ८९ अनुसार घर बहाल कर भुक्तानीमा १० प्रतिशत बहाल कर कट्टा गरी भुक्तानी दिनुपर्नेमा मकैबाली प्रबर्द्धन कार्यक्रम अन्तर्गत २०८०।३।२८ देखि २०८०।३।३० सम्म गरिएको अन्तर जिल्ला भ्रमणका लागी पोखरा जादा राम वकिल गिरिको ३ दिनका लागी गाडी रिजर्ब गरी प्रतिदिन रु ३२००० का दरले जम्मा रु ९६००० भुक्तानी गर्दा बहालकर कट्टा नगरी भुक्तानि दिएको असुल गरी संचितकोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	९,६००

८२ **मू.अ.करमा दर्ता नभएकासंग खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद गर्दा मु.अ.करमा दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा निम्नानुसार रु. ११४९४१४।०० भुक्तानी गरेकोमा मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको नियम सम्मत देखिएन । यसमा सुधार हुनुपर्दछ । साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवाशुल्कमा १५ प्रतिशतका दरले कर कट्टा हुनु पर्नेमा न्युन कर असूली भएको रु १७२४१२।०० समेत असूल गरी सँघिय राजस्व खाता दाखिला हुनु पर्ने । रु

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	कर विजकको अवस्था	भुक्तानी रकम	लाग्ने कर रकम
३६।०७९।०६।६	मुस्कान रथ एण्ड टेन्ट हाउस	सिमा नाघि कारोबार	५०८००	७६२०
६७।०७९।०६।०६	आकाश टेक प्रा लि	सक्कल बिल पेश नगरेको	५५८१	८३७
२८१।०७९।१०।११	न्यू इलेक्ट टेन्ट हाउस	सिमा नाघि कारोबार	१४५०००	२१७५०
२८१।०७९।१०।११	प्रिन्स टेन्ट हाउस	सिमा नाघि कारोबार	४१०५००	६१५७५
१२८।०७९।०७।०३	होटल आदित्य	सिमा नाघि कारोबार	१३४०००	२०१००
१२८।०७९।०७।०३	अजित लाइट एण्ड टेन्ट	सिमा नाघि कारोबार	१७२५७५	२५८८६

१२८।०७९।०७।०३	चाँद फ्लेक्स	Estimate	१०१०००	१५१५०
१२८।०७९।०७।०३	जय माँ पलकीय लाइट	सिमा नाघि कारोबार	७९९५८	११९९४
१२८।०७९।०७।०३	किशोर आयल स्टोर्स	पान बिलमा कारोबार	५००००	७५००
	जम्मा		११४९४१४	१७२४१२।००

असुल गर्नुपर्ने	१,७२,४१२

८३ **ईन्धन खर्च** - सार्वजनिक खर्च मापदण्ड निर्देशिका २०७७ को दफा ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले ईन्धन खर्चमा यस वर्ष वर्ष चालु तर्फबाट रु.८६ लाख ९६ हजार ३ सय ९३ खर्च गरेको छ । पालिकाले सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति रकम खर्च भएको यकीन विवरण पेश भएको पाइएन । पालिकाले पालिकाको पदाधिकारी तथा कर्मचारी बाहेक अन्य व्यक्ति, पदाधिकारी र पत्रकारहरुको इन्धन रकम भुक्तानी गरेको छ । इन्धनमा भएको खर्चलाई स्वभाविक मान्न सकिने आधार देखिएन । ईन्धन शिर्षकमा देहायअनुसार खर्च गरेको छ।

विवरण	संख्या	मापदण्ड अनुसार	वार्षिक खपत	औषत दर	रु. मा
३० जना सम्म दरबन्दी भएको मापदण्ड		डिजल १०० लि.	१२००	१५२	१८२४००
कार्यालय प्रयोजन डिजेल					
कार्यालय प्रयोजन पेट्रोल		७५ लि.	९००	१६३	१४६७००
मोटरसाइकल/स्कुटर	२४	१०	२८८०	१६३	४६९४४०
प्रमुखले पाउने सुविधा	१	१२५	१३७५	१५२	२०९०००
उपप्रमुखले पाउने सुविधा	१	१२५	१३७५	१५२	२०९०००
हुनुपर्ने खर्च रकम					१२१६५४०
वित्तीय विवरणमा खर्च रकम					८६९६३९३

सैद्धान्तिक बेरुजु

८४ **पारिश्रमीक कर** - आयकर ऐन २०५८ को दाफा ८८ अनुसार भत्तामा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कोभिड १९ को भ्याक्सिनको डिजीटलाईजेशन तथा क्यु आर कोड प्रमाणिकरण कार्यक्रममा करकट्टी नगरी सहभागी लाई रु ५४००० भुक्तानी गर्दा पन्ध्र प्रतिशत भत्ता मा कर रु ८१०० कट्टा नगरी भुक्तानी गरेकोले सम्बन्धित बाट असुल गरी राजश्वमा दाखिला गर्नु पर्ने रु

असुल गर्नुपर्ने	८,१००

८५ **करार कर्मचारीको महंगी भत्ता** - नेपाल सरकार अर्थमन्त्रालय मिति २०७९।१।२१ को परिपत्रअनुसार करारको कर्मचारीलाई महंगी भत्ता पाउने व्यवस्था छैन ।पालिकाले देहाय बमोजिमका करार कर्मचारीलाई

वर्षभरि महंगी भत्ता भुक्तानी गरेको छ ।परिपत्र विपरीत सम्झौतामा उल्लेख नगरी भुक्तानी भएको रु २३७६४। महंगी भत्ता सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्ने रु

कर्मचारीको नाम	भुक्तानी रकम
कम्प्युटर अपरेटर रामविनोद साह	२३७६
योजना सुपरभाइजर अर्जुन राय यादव	२३७६
कार्यालय सहयोगी अरुण पासवान	२३७६
कार्यालय सहयोगी जिवेश कुमार यादव	२३७६
जम्मा	२३७६४

असुल गर्नुपर्ने	९,५०४

८६ **बढी दरमा भत्ता भुक्तानी -** कृषि विकास कार्यक्रमको खण्ड (ख) कम रहेको व्यवस्था भन्दा वढी हुने गरी मा देहायबमोजिमका प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुलाई नर्म्स भन्दा बढी दरमा भत्ता भुक्तानी गरेकोले सम्बन्धित पदाधिकारीहरु बाट असूल गरी सघीय संचितकोषमा दाखिला गर्नु पर्ने रु

गोभो।मिती	कार्यक्रमको नाम	भत्ता पाउनेको नाम	पद	पाउनुपर्ने रकम	भुक्तानी रकम	दिन	बढी भुक्तानी
२११।२०८०।३।३१	घुम्ती स्थलगत कृषक तालिम	पवनकान्त सहनी	प्रशिक्षक	४००	१५००	२	२२००
		हेम कुमा काफ्ले	सहायक प्रशिक्षक	३००	१५००	२	२४००
		दिलमाया चौधरी	सहायक प्रशिक्षक	३००	१५००	२	२४००
		तारा सापकोटा	सहायक प्रशिक्षक	३००	१५००	२	२४००
२११।०८०।३।३१	०७९।०८० नयाँ धान बालि पकेट	पवनकान्त सहनी	प्रशिक्षक	६००	१२००	३	१८००
		हेम कुमा काफ्ले	सहायक प्रशिक्षक	५००	१०००	३	१५००
		तारा सापकोटा	सहायक प्रशिक्षक	५००	१०००	३	१५००
	०७८।०८९ धान बालिपकेट	पवनकान्त सहनी	प्रशिक्षक	६००	१२००	३	१८००
		हेम कुमा काफ्ले	सहायक प्रशिक्षक	५००	१०००	३	१५००
		दिलमाया चौधरी	सहायक प्रशिक्षक	५००	१०००	३	१५००

जम्मा	१९०००

असुल गर्नुपर्ने	१९,०००

८७ **सार्वजनिक परीक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८८ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले यस बर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता रु २०९७९२१६९।०० बैङ्कमार्फत वितरण गर्दै आएको जनाएकोमा । लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रकममध्ये बैङ्कमा बाँकी रहेको विवरण पेश हुन आएन । पालिकाले बैकमा बाँकि भएको रकम एकिन गरी सँघिय सन्चित कोष दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **दोहरो भत्ता** - समाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को लेखापरीक्षणको क्रममा कार्यालयले उपलब्ध गराएको रिभर्सफिडका आधारमा वडा न १ र ८ छनौट गरी पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरणको विवरण परीक्षण गर्दा निम्नानुसार लाभग्राहीलाई दोहोरो भुक्तानी गरको देखिएकोले नजहरुलाई सवै किस्तामा सोही अनुसार रकम गएको मानी रु.२१४३२००।० दोहोरो भत्ता भुक्तानी भएको सम्बन्धमा पालिकाले एकिन गर्नुका साथै अन्य वडाको सम्बन्धमा समेत छानविन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने रु

सि.नं	लाभग्राहीको नाम	वडा नं	बैंकको नाम	प्रकार	ना.प्र.नं.	दोहोरो भुक्तानी रकम
१	जैतुन नेसा	१	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	४०८	४८०००
	जैतुन खातुन	१	एन.आई.एसीया बैंक	बिधुवा	४०८	३१९२०
२	मराचिया कानु	१	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१६९८	४८०००
	शेख मलिक	१	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१६९८	४८०००
३	पुकारिया देवि	१	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	५०७१२६५	६३८४०
	पुकारिया देवि	१	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	५०७१२६५	

४	चन्द्राजोति देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१९	४८०००
	जन्द्राजोति देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१९	४८०००
५	इस्लामुन सेखिन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१३७७	७९९२०
	सुमिन्त्रा देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१३७७	
६	हसिना खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२२४७	४८०००
	हसिना खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२२४७	४८०००
७	जगदिश हजरा	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१६७७	४८०००
	रधिया देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१६७७	४८०००
८	जैसन सेखिन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२२०५	४८०००
	जैसन खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२२०५	४८०००
९	कैलाश देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५४९	४८०००
	सुकेसरी देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५४९	४८०००
१०	मकबुला खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२७६८	४८०००
	मकबुला खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२७६८	४८०००
११	मोति जान	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१५१६	४८०००
	मोति जान खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१५१६	४८०००
१२	रघुनी महरा	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१३४२	४८०००
	नखुल्ने	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१३४२	४८०००
१३	राजकुमारी देवि	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५५४३	४८०००
	राम कुमारी देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५५४३	४८०००
१४	रामपरिया देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२५५१७	४८०००
	रामपरिया देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२५५१७	४८०००
१५	रोकैदा खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१२२५	४८०००
	नखुल्ने	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१२२५	४८०००
१६	साइ राईरा	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२३३०	४८०००
	साइरा खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२३३०	४८०००
१७	सरातुल संखिन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	४३११	४८०००
	सरातुल संखिन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	४३११	४८०००
१८	सुन्द्रिया देवि	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१२९४	४८०००

	सुमिन्द्रा देवि	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	१२९४	४८०००
१९	सुन्द्रिया देवि	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	११२८	९६०००
२०	सुखारी देवी	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५४९	४८०००
	रबिजान खातुन	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२३०८५४९	४८०००
२२	ताराबति लोहनी दोहोरो	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	३२२१९५१	९६०००
२३	मन्तोरा देवी महरा दोहोरो	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२४२९	६३८४०
२४	मलभोगिया देवि यादव दोहोरो	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	९२९	६३८४०
२६	विना देवि दोहोरो	८	एन.आई.एसीया बैंक	जेष्ठ नागरीक	२३७१	६३८४०
जम्मा						२१४३२००।०

असुल गर्नुपर्ने	२१,४३,२००

९० **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत नेपाल सरकारबाट ३ वटा र आ ई ए बाट ४ गरी ७ वडामा प्रति वडा १ का दरले ७ योजना सञ्चालन गरी यस वर्ष नेपाल सरकारको तर्फबाट ४६ जना र आई डी आई को तर्फबाट ४० गरी ८६ जनालाई औसत ४४ दिनले ३७८४ दिन रोजगारी उपलव्ध गराई रु. २२०२४०९।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९१ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले तेहलन र मकै बाली प्रवर्द्धन,अनुदानमा किटनाशक सामाग्री वितरण पचास प्रतिशतमा अनुदान समेत रु.११९८०००।०० तथा विभिन्न सहकारी कृषक समह लाई अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ

अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९२ **नाफामूलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसार रु १५१६०७१।०० नाफामूलक संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

गो भौ न र मिती	**अनुदान प्राप्त गर्ने संस्था**	**अनुदान व्यहोरा**	**अनुदान रु.**
२१,२०७९।६।१३	गरुडा नगर उद्योग बाणिज्य सँघ	गरुडा नगर उद्योग बाणिज्य सँघ गरुडा को घर प्लाष्टर गर्ने कार्य	४८३१८१।००
१८१,२०८०।६।१९	गरुडा नगर उद्योग बाणिज्य सँघ	गरुडा नगर उद्योग बाणिज्य सँघ गरुडा को घर मर्मत	१०३२८९०।००
		जम्मा	१५१६०७१।००

अनियमित भएको	१५,१६,०७१

९३ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १३२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १०० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत सहित ३२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९४ **सहकारी नियमन -** सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र.८८ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी

पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ सहकारी व्यव्थापनमा निम्नानुसार कमी कमजोरी रहेकोले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ । सहकारी व्यवस्थापन सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्नानुसार रहेका छन् ।

• सहकारी नियमावली, वचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाहरुको सुपरिवेक्षण, नीरीक्षण तथा अनुगमन निर्देशिका, सम्पत्ति शुद्धीकरण विवरण सम्वन्धी सहकारी संस्थालाई जारी गरिने निर्देशिका, साधारणसभा सम्वन्धी निर्देशिका, सहकारी संस्थामा सुशासन प्रवर्द्धन निर्देशिका बनाई जारी भएको नदेखिएको ,संस्थाले सदस्यलाइ दिने ऋणमा सेवा शुल्क तथा नविकरण शुल्क तोकिए बमोजिम हुने भन्ने दफा ३९(३)को व्यवस्था अनुसार नियमावली जारी नभएको र सम्पूर्ण संस्थाहरुले कारोवारको चौमासिक, वार्षिक प्रतिवेदन नीति, योजना, शेयर सदस्य संख्या र शेयर रकम, खुद बचत सम्वन्धी नीति, योजना समेतको विवरण कानून वमोजिम उपलब्ध गराउनु पर्नेमा गराएको देखिएन ।

व्याजलाई पुँजीकृत गरी व्याज लिने, अन्य कम्पनीको शेयर खरिद गर्ने, गैर सदस्यलाई ऋण दिने, संस्थाको रकम उद्देश्य विपरीत अन्यत्र लगानी गर्ने, अन्य शुल्कहरु लिने, कानून परिपालना नगर्ने संस्थाको सुक्ष्म र प्रभावकारी रुपमा अनुगमन निरीक्षण गरी सहकारी संस्थासँग सम्वन्धीत फाइलहरु छुट्टा छुट्टै रुपमा राखी अध्यावधिक कानून वमोजिम कारवाही गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९५ **वर्षान्तको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्य सम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ । पालिकाले सङ्घीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो । उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन ।तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की दिएको सम्वन्धितबाट फिर्ता लिई व्याज सहित सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिनेको नाम	चालु आ. व.		गत आ. व.सम्मको
		म्याद ननाघेको	म्याद नाघेको	म्याद ननाघेको
		रकम		रकम
राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय)	मा ैजेलाल राय यादव	०	०	१०००००.
शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक	मा ैजेलाल राय यादव	०	०	७००००

विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)				
(१) आयोजना सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन (२) दर्ता सिविर सञ्चालन सम्बन्धी अभिमुखिकरण/कार्यशाला/तालिम कार्यक्रम सञ्चालन (३) गुनासो सुनुवाइ सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन । सहभागीहरु: हरेक वडाका प्रतिनिधी, स्थानीय CSO, स्थानीय निकायका अन्य क	राज बहादुर ठाकुर	०	०	२४५०००.
घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन	राज बहादुर ठाकुर	०	०	१४५०९८०.
पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल)	राज बहादुर ठाकुर	०	३४१५००.	०
पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन	राज बहादुर ठाकुर	०	८२५००.	०
	जम्मा	०	४२४,०००.००	१८६५९८०
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री अमरपट्टी प्राथमिक विधालय पाेठियाही	०	०	७०००००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री प्राथमिक विधालय पाेठीयाही-४	०	०	१६०००००.
कार्य प्रगितकाे आधारमा नमुना विधालयलाइ पुर्वधार विकासका लागि थप अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	३०५०००.
कार्य प्रगितकाे आधारमा नमुना विधालयलाइ पुर्वधार विकासका लागि थप अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	१८२५०००.
कार्य प्रगितकाे आधारमा नमुना विधालयलाइ पुर्वधार विकासका लागि थप अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	५२००००.
राष्ट्रपित शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक शैक्षिक पूर्वाधार विकासका लागि अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	२५०००००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	७५४२०००.

विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	६९८६०००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	२६८५०००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	१८६९०००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	४७७३०००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्मीक विधालय गरुडा	०	०	११४५०००.
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तगत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि अनुदान	श्री माध्यमिक विधालय महम्मदपुर	०	०	११५५०००.
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक तथा शैक्षिक पुर्वाधार विकासका लागि अनुदान	श्री माध्यमिक विधालय महम्मदपुर	०	०	४९३०००.
राष्ट्रपित शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक शैक्षिक पूर्वाधार विकासका लागि अनुदान	श्री माध्यमिक विधालय महम्मदपुर	०	०	१५२०००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री माध्यमिक विधालय महम्मदपुर	०	०	१५०००००.
राष्ट्रपित शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक शैक्षिक पूर्वाधार विकासका लागि अनुदान	श्री रामचन्द्र माध्यमिक विधालय	०	०	६५००००.
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	श्री सरस्वती माध्यमिक विधालय मलाहीटाेल	०	०	२३०००००.
जम्मा		०	०	३८७०००००.
राष्ट्रपित शैक्षिक सुधार कार्यक्रम अन्तर्गत ताेकिएका विधालयहरुमा ताेकिएकाे भाैतिक शैक्षिक पूर्वाधार विकासका लागि अनुदान	भवन निर्माण समिति गरुडा न.पा.७ पिपरीया दाे.	०	०	१८०००००.
गरुडा न.पा.५ महम्मदपुर श्री दुर्गा सामुदायिक प्रा.वि.भवन निर्माण	जय हनुमान उपभाेक्ता समिति गरुडा न.पा.५	०	०	१९२१९७४.

जम्मा		०	०	३७२१९७४.
Artificial Insemination सम्बन्धी कार्यक्रम	उपनेत प्रसाद साह	०	०	३६,०००.००
मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम	विनय कुमार झा		१५००००.	०
मुदा बनाउने तालिम गरुडा नगरपलिका वार्ड नं ५ , लक्शामिपुर	विजय कुमार साह	०	५०००००.	०
जम्मा			६५००००।००	३६०००.
आ व वाईज कुल जम्मा			१०७४०००।००	४४३२३९५४.
	कुल जम्मा			४५३९७९५४।००

पेश्की	४,५३,९७,९५४

९६ **पेश्की** - सितलहरमा मुख्य बजारको चोक चोकमा आगो ताप्ने व्यवस्थाको लागी बरिष्ठ सहायक श्री रामानन्द सहनी लाई रु ४००००० पेश्की उपलब्ध गराएकोमा लेखापरीक्षण अवधी २०८०।६।१० सम्म पनि असूल तथा फर्छौट नभएको रु

पेश्की	४०,०००

९७ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले नगरपालिकाको शिर्षकबाट निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौट नभई रु. १७९४६००.बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. १७९४६००.फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार लाग्ने व्याज सहित असूल फस्यौट गर्नुपर्ने रु.

पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम	चालु आ. व. म्याद नाघेको रकम
वडा भरि छठ पर्व व्यवस्थापन गरुडा न प २	सुनील कुमार यादव	४०००००.
पानी टयांकर खरिद गर्ने कार्य	रोशन इन्जिनीयरिङ वर्कस	४०००००.
ब्रहम भगवती पूजा व्यवस्थापन गर्ने कार्य गरुडा न पा २ दुबै टोलमा	सिकिन्द्र सहनी	१०००००.
विविध खर्च	हरिशकर प्रसाद साह	४५०००.

वडा भरी स्थानीय चाडपर्व एवम् धर्म संस्कृति प्रवर्द्धन कार्यक्रम गरुडा न पा ६	सुनिल राय यादव	४०००००.
सवारी साधन मर्मत खर्च	जितेन्द्र प्रसाद यादव	५००००.
महावीडी झण्डा मेला व्यवस्थापन खर्च गरुडा न पा २	मुकेश सहनी	२१६६००.
मसलन्द तथा कार्यालय सामाग्री	प्रशान्त कुमार कर्ण	५०००.
घरभाडा	गणेश साह	१६८०००.
मसलन्द तथा कार्यालय सामाग्री	दिगविजय प्रसाद यादव	१००००.
जम्मा		१७९४६००.

पेश्की	१७,९४,६००

९८ **म्याद ननाघेको पेश्की -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न व्यक्ति तथा निकाय संस्थालाई म्याद ननाघेको रु३९,२६,६००.००पेश्की दिएको जनाएता पनि उक्त पेश्कीको म्याद असार मसान्त सम्म मात्र रहेकोले म्याद नाधेको पेश्की बेरुजू कायम गरीएको छ । पेश्की को म्याद आर्थिक वर्षको अन्तसम्म म्याद नाघेतापनि म्याद ननाधेको पेश्कीको विवरणमा उल्लेख गरेकोले अभिलेख व्यवस्थित भएको नदेखिँदा पेश्की अभिलेख अध्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९९ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ३०५५१३७।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१ करोड २३ लाखको २५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ । आर्थिक सहायता वितरणका केही उदाहरणहरु निम्नानुसार रहेका छन् ।

सि न	निर्णय मिती ।	निर्णय न	रकम	कैफियत विवरण
१	२०७९।५।१५	४	२५०००	रामस्तरुप राय यादवको छोराको मृत्यु भएकोले काजकृया खर्च
२	२०७९।५।८	५	२५०००	दिनेश सहनिको छोरी करेण्ट लागेर मृत्यु भएकोले काजकृया खर्च
३	२०७९।५।२८	६	९१०००	स्पष्ट कारण नखुलाई क्षति तथा समस्याभएको भनि ७ जनालाई

४	२०७९।७।४	१	३१००००	स्पष्ट कारण नखुलाई क्षति तथा समस्याभएको भनि ६२ जनालाई जनही ५०००
५	२०७९।७।७	८	१०००००	निर्ता माई दुर्गा पुजा समिती वडा नं ८ लाई असोजमा हुने पुजा सहयोग
		९	२५००००	दुर्गा पुजा भितनगर चौक असोज महिना
		१०	५००००	दधियामार चौकमा असोज महिना
६	२०७९।७।१६	१	१५००००	हदय कुमार कलवार लाई औषधि उपचार खर्च
७	२०७९।७।१७	२	२५०००	कन्हाई सहनीको छौरी को मृत्यु भएकोले काजकृया
८	२०७९।७।१८	२	२००००	गोविन्द राम को घर आगजनि
९	२०७९।७।२७	१	२०००००	विनोद साह कलवारको उपचार खर्च
१०	२०७९।७।२८	२	५००००	राम एकवाल सहनी को उपचार खर्च
११	२०७९।७।२९	३	१०५०००	छविलाल साह मृत्यु मा काजकृया खर्च
१२	२०७९।८।२६	४	१०५०००	राज्य नारायण साहको मृत्यु मा काजकृया खर्च
१३	२०८०।२।१२	७	१२५०००	गजिन्द राय यादव लाई मिती २०७९।१२।२९ मा नगरपालीका माथि भएको ढुङ्गामुढाको क्रममा गोली लागेकोले उपचार खर्च
१३	२०८०।२।५	७	१०००००	पत्रकार महासंघ रौतहट शाखा
१४	गो.भौ.नं.५४६ ०८०।३।३	निर्णय बेगर	५००००	गुजरिया देवि र वाला लखिन्द्र दास लाई रु २५ हजारका दरले २० बर्ष पुगेका दलित छोरी ले विहे गरेकाले
१४	गो.भौ.नं.५४७ ०८०।३।३	निर्णय बेगर	२०००	उपेन्द्र सहनी
			१००००	गंगादेवि जल
			१५०००	तिन्दा सहनी
१५	गो.भौ.नं.५६५ ०८०।३।७	निर्णय बेगर	२५०००	छठु महरा चमार लाई २० बर्ष पुगेका दलित छोरी ले विहे गरेकाले
१६	गो.भौ.नं.५७० ०८०।३।१९	निर्णय बेगर	२५०००	लोमी सहनी लाई २० बर्ष पुगेका दलित छोरी ले विहे गरेकाले

सैद्धान्तिक बेरुजु

१०० **जनप्रतिनिधिलाई मोबाईल तथा साईकल वितरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ मा स्थानीय तहको कार्यालयले नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यलाई विचार गरी खर्च गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ को उपदफा ३ मा सार्वजनिक निकायले खरिद कार्यका लागी आवश्यकता अनुसारको स्पेशिफिकेसन तयार गर्नुपर्ने तर यसरी स्पेसीफिकेसन तयार गर्दा कुनै पनि ब्राण्ड खुलाउन नहुने व्यवस्था रहेको छ । यस पालिकाले व्यक्तिगत प्रयोजनको अस्वाभाविक रुपमा बढी मुल्य पर्ने मोबाईल सेट खरिद तथा साईकल खरिद को लागी कोटेशन

माग गर्दा स्पेशसीफिकेसन बेगर ब्राण्ड खुलासा गरी माग गरेको साथै कम्पनिको मूल्य भन्दा अस्वाभाविक रुपमा बढी मूल्य राखी मोबाईल खरिद गरेको र २१ थान मोबाईल र ६ थान साईकलको वितरण तथा प्रयोग भरपाई पेश गरेको छैन । कार्यालयसँग सो विषयमा सोधनी गर्दा जनप्रतिनिधीको लागी खरिद गरेको प्रतिक्रिया दिएको छ । जनप्रतिनिधीलाई मोबाईल तथा साईकल उपलब्ध गराउने कानुनी आधार रहेको छैन । निम्नानुसार रु २१४८४४६।०० को मोबाईल को प्रयोजन समेत नखुलेकोले प्रयोग एकिन गरी कानून विपरितको सुविधा सम्बन्धित बाट असूल हुनुपर्दछ।रु

गो भौ न र मिती	पार्टिको नाम	समानको विवरण र स्पेसीफिकेसन	परिमाण	रकम	कैफियत
६३,२०७९।७।२९	लालबाबु वाच एＯड मोबाईल सेन्टर	Real me GT2 pro.12.256 GB प्रति थान रु १२४३००।०० का दरले	८	९९४४००।००	Gudgetbyte अनुसारकम्पनिको मूल्य प्रति थान रु १०९९९९।००
६६,२०७९।७।३०	श्याम जनरल स्टोर्स	Samsung mobile 6/128 GB प्रतिथान रु५०८५०।००	१०	८१९२५०।००	Gudgetbyte अनुसारकम्पनिको मूल्य प्रति थान रु १०४००।००
		Vivo mobile 8/128 प्रतिथान रु ६२१५०।००	१		Gudgetbyte अनुसारकम्पनिको मूल्य प्रति थान रु ५१७५०।००
		Real me GT2 pro.12.256 GB प्रति थान रु १२४३००।०० का दरले	२		Gudgetbyte अनुसारकम्पनिको मूल्य प्रति थान रु १०९९९९।००
११४,२०७९।१२।२८	प्रेम साईकल स्टोर	Hero cycle	३६	३३४७९६	३० थान साईकल नगरसभा सदस्यले बुझेको भरपाई पेश ६ साईकल वितरण भरापई समेत पेश नभएको ।
		जम्मा		२१४८४४६।००	

असुल गर्नुपर्ने	२१,४८,४४६

१०१ **नगरपालिकामा फ्री वाईफाई जडान -** पालिकाले नगरपालिकाले निम्नानुसार वडामा फ्री वाई फाई जडानको लागी वर्डलिंक गरुडा शाखा सँग सम्झौता गरी निम्नानुसार भुक्तानी दिएको मा देखिएको व्यहोरा निम्नानुसार छन् ।

गो भौ न र मिती	वडा न	विवरण	बार्षिक शुल्क प्रति थान	राउटर धरौती रकम	जम्मा भुक्तानी रकम
५४,२०७९।७।२४	१,२,४,५,६ र ८	८० एम वि पि एस ६४ थान	१०१७०	५००	१२०४८८८।००
		१२० एम वि पि एस ४६ थान	१०८४८	५००	
५४,२०८०।३।१९	३ र ९	१०० एम वि पी एस ४० थान	१४०१२	५००	६००४८०।००
		जम्मा			१८०५३६८।००

क) सार्वजनिक खरिद ऐन नियमावलि अनुसार प्रतिश्पर्धा गरी खरिद गर्नु पर्नेमा प्रतिश्पर्धा बेगर एक प्रदायक लाई १२० एम वि पि एस लाई रु १०८४८।०० र १०० एम वि पि एस लाई रु १४०१२।०० मा खरिद गरेको छ । जसले प्रतिश्पर्धाको लाभ लिन नसकेको नियम सम्मत नदेखिएको ।

ख) उक्त राउटर के आधारमा कुन कुन स्थानमा जडान भएको भन्ने जडान प्रमाण तथा नापी विल पेश भएको छैन । जसले गर्दा सोही परीमाणमा नै जडान भएकोमा विश्वस्त हुन सकिएन ।रु

ग) उक्त पार्टी सँग जडान गर्ने गरी सम्झौता भएको छैन । भने राउटर रु ७५०००।०० जिन्सी आम्दानी समेत बाधेको छैन ।

घ) राउटर बापतको रकम धरौटी रहेको सम्झौतामा नै खुलासा भएको र सो को विल नभई रिसदको आधारमा पेश्की नजनाई रु ७५०००।००खर्च लेखेको छ ।

बार्षिक शुल्क बापत एडभान्समा भुक्तानी दिएको र एक बर्ष सम्म मर्मत तथा नचलेको खण्डमा वर्ल्ड लिंकले मर्मत गर्ने सम्झौता भएकोमा कम्तीमा १ बर्ष कट्ने गरी ५ प्रतिशत धरौती रु ९०२६८।४ रख्नुपर्नेमा धरौटी कट्टा गरेको छैंन ।

अनियमित भएको	१८,०५,३६८

१०२ **जिम क्लब सँचालन** - पालिकाले कुनै पनि काम गर्दा सो को उपलव्धी र लागत लाई ध्यानमा दिई काम गर्नु पर्दछ । साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्ने आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरुडा नगरपालिका कार्यालय रहेको भवनको अगाडी रहेको गणेश मान सीँहको घरको दोस्रो तलामा प्रति महिना रु २८०००।०० का दरले भाडामा घरभाडा लिई । साथै खुला बोलपत्रको माध्यमबाट बोलपत्र आह्वान गरी पावर प्रोडक्सन हाउस प्रा लि सँग सम्झौता गरी रु ३२३८५८०।०० मा ३० थरीका जिम समाग्री खरिद गरी सँचालन निर्देशिका बेगर सँचालन गरेको छ । सो को लागत र उपलब्धी निम्नानुसार देखाएको छ । रु

खर्च को विवरण	रकम	आम्दानीको विवरण	रकम

जिम समाग्री खरिद	३२३८५८०।००	कार्य सन्चालन निर्देशिका नबनाएको	८०५००।००
जिम कर्मचारी तलब सरोज कुमार जैसवाल र उमाशँकर सहनी ९ महिनाको तलब कार्तीक देखी अषाढ	५०४०००।००	निर्णय बेगर प्रति व्यक्ती मासिक रु ५००।०० शुल्क उठाउने गरेको छ । लेखापरीक्षणको क्रममा २ ठेली रसिद मार्फत रु ५० हजार र कर्मचारिले पेश गरेको विवरण अनुसार ३०५००।०० समेत रु ८०५००।००	
घर भाडा कार्तिक देखी अषाढ	२५२०००।००		
रँगरोगन खर्च	९५१९६।००		
जम्मा	४०८९७७६।००		८०५००।००

क) शुल्क बापत असूली भएको जनाएको रकम रु ८०५००।०० लेखापरिक्षण अवधि सम्म पालिकाको राजस्व खाता दाखिला भएको नदेखिएकोले व्याज सहित जिम्मेवार कर्मचारीबात असूल गरी पालिकाको राजस्व खाता दाखिला हुनु पर्दछ । साथै रसिद नियन्त्रण खाता तथा रसिद बेगर के कती आम्दानी भएको एकिन हुन नसकिएकोले कर्मचारीले पेश गरेको विवरणमा विस्वस्त हुने आधार नभएकोले सो सम्बन्धमा पालिका बाट छानविन गरी एकिन हुनु पर्दछ ।

ख) उपलब्धी र लागतको विश्लेषण नगरी घाटामा जिम क्लब सँचालन गरेको । सर्वसाधारण सवैको पहुँचमा नरहेको । शुल्क उठाउने गरेकोमा शुल्क समयमा दाखिला हुने नगरेको देखिएकोले। सँचालन निर्देशिका बेगर सँचालन गरेको निमय सम्मत नदेखिएको ।रु

अनियमित भएको	३२,३८,५८०

१०३ **वितरणमुखी तथा अनुत्पादक खर्च -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले निम्नानुसार सामाग्री वितरण कार्यक्रम राखी निम्न अनुसार रु.९९७१५२।०० खर्च गरेको छ सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले यस्तो अनुत्पादक तथा प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ । साथै उक्त सामान मध्ये लाभग्रहि छनौट आधार बेगर ४ थान ह्विलचियर सामाग्री खरिद गरी रु १८८०३५।०० को बुझेको भरपाई समेत पेश नभएकोले वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्दछ । रु

गो भौ न र मिती	भुक्तानी पाउने संस्था/ व्यक्तिको नाम	प्रयोजन	रकम
८२,२०७९।०९।१९ न पा पूजिगत	आदर्श दुर्गा ईलेक्ट्रोनिक्स र श्याम जनरल सप्लायर्स	वडा न २ मा क्रिकेट खेलकुद सामाग्री वितरण	१४८०३५।००

		नगरपालिकामा दाखिला समेत नभएको वडाको दाखिलाको आधारमा भुक्तानी	
११०,२०७९।११।१७ न पा पूजिगत	लेजेण्ड क्लव आफ रौतहट	वडा न ४ मा ह्विल चियर वितरण ३० थानको लागी भुक्तानी प्रतिपिस १००००।०० का दरले २६ वटा बुझेको भरपाई रहेको ४ थान बुझेको भरपाई पेश नभएको ।	३०००००।००
१६९,२०८०।३।७	स्थानिय चाँडबाड खर्च रामजानकी मठ नेवालल दास उ स लाई भु	विभिन्न विलको भुक्तानी	५४९११७।००

प्रमाण पेश नगरेको	१,८८,०३५

१०४ **छठ पर्व -** यस न पा का सुपरभाईजर जय प्रकाश चौधरी मार्फत वडा न ४ मा छठ पर्वमा सँस्कृतिक कार्यक्रम बापत रु ४८४८४४।०० भुक्तानी भएकोमा निम्नानुसार देखिएको छ ।

क स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ बमोजिम स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउनु पर्दछ । उल्लेखित खर्च मध्ये नमस्ते नेपाल टेन्ट हाउस लाई रु ३५५०००।०० र सँगित कला केन्द्र लाई नचगान बापत विल समेत नलिई कला केन्द्रको अध्यक्षको भरपाईको आधारमा रु २७००००।०० भुक्तानी दिएको नियम सम्मत देखिदैन । सो को प्राविधिक विल तथा नापी किताब समेत तयार गरेको छ । यस्तो साँस्कृतिक कार्यक्रमको नापी किताब र प्राविधिक विल नभई कार्यक्रम स्वीकृती र कार्य सम्पन्न प्रतिवेदन उपलव्धी सहित पेश गर्नुपर्नेमा नगरेको । रु

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपरोक्त अनुसार नमस्ते नेपालको रु ३५५०००।०० को भुक्तानी पान विलमा गरेको छ भने । सँगित कलाकेन्द्र गरुडा बैरीया लाई रु २७००००।०० भरपाईको आधारमा खर्च गरेको छ । आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवाशुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेकोले उपरोक्त अनुसार नमस्ते नेपालको १० प्रतिशत भाडाकर कट्टा गरेकोले नपुग ५ प्रतिशत कर रु १७७५०।०० र सँगित कला केन्द्रको १५ प्रतिशतले हुने रु ४०५००।०० असूल हुनु पर्दछ ।

प्रमाण पेश नगरेको	४,८४,८४४

१०५ **अन्य निकायको खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका निम्नानुसार कार्यालयको रु १०१६५०१।०० खर्च लेखेको छ । यसरी अन्य निकायको खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो

खर्चमा नियन्त्रण गर्नुपर्ने तथा सम्बन्धित कार्यालयबाट दोहोरो भुक्तानी नभएको पुष्टयाई र भुक्तानी दिन बाँकीको प्रमाणित कच्चाबारी समेत पेश नभएकोले यस्ता खर्चमा नियन्त्रण गरीनु पर्दछ ।

गो भौ न र मिती	भुक्तानी तथा खर्च पाउने कर्यालय	रकम	कैफियत
७४,२०७९।०८।२३गा पा पूजी	शसस्त्र बेस क्याम दुधियावार मर्मतको लागी सश्त्र प्रहरी निरीक्षक प्रेम सिँह विष्ट लाई भु	४८४८८।०३	
८७,२०७९।०९।२४ १०६,२०७९।११।१७ गा पा पूजी	ईलाका प्रहरी कार्यालय गरुडाको भवन निर्माण को लागी लागी भवन निर्माण उ स लाई भु	९६८०१३।००	
	जम्मा	१०१६५०१।००	

सैद्धान्तिक बेरुजु

१०६ **प्राविधिक मुल्याङ्कन -** सार्वजनिक खरिद नियमावली,२०६४को नियम ११२ बमोजिम समान जडानको नापी किताब पेश हुनुपर्दछ । पालिकाले निम्नानुसार सामान खरिद गरी भुक्तानी गरेकोमा उक्त सामान कुन प्रयोजमा कहाँ प्रयोग भएको जडान विवरण र प्रविधिक मुल्याङ्कन प्रतिवेदन पेश हुनुपर्ने । रु

गौ भौ न र मिती	खरीद भएको सामानको विवरण	भुक्तानी पाउने पार्टीको नाम	रकम	कैफियत
५३,२०७९।७।२३	३५ थान सीसीटीभी क्यामेरा र सो सँग सम्बन्धित सामाग्री	पशुपती ट्रेडर्स एण्ड जनरल सप्लायर्स	९४९२००।००	ल ई तथा स्पेक बेगर कोटेशन लिई खरिद जडान तथा प्रयोग नखुल्ने
५३,२०७९।७।२३	३० थान सीसीटीभी क्यामेरा र सो सँग सम्बन्धित सामाग्री	शुभम आईटी सोलुसन	९८२६६५।००	ल ई तथा स्पेक बेगर कोटेशन लिई खरिद जडान तथा प्रयोग नखुल्ने
१४,२०७९।६।०९	परोहा न पा लाई मिती २०७९।३।१६ देखी २२ सम्म भाडामा चलेको ग्रेडर बापत भुक्तानी	परोहा न पा	९००००।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा काम भएको खुल्ने प्रमाण बेगर भुक्तानी
१८,२०७९।६।१२	ह्ययुम पाईप खरिद २ थान १२०० एम एम एक पि ३.६ थान ९०० एम एम ,३ थान ६०० एम एम	हाईवे ह्यमपाईप एण्ड क्रक्रित उद्योग	३४२२८२।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडन भएको खुल्ने प्रमाण बेगर भुक्तानी
७२,२०७९।८।१६	विद्युत पोल खरिद ९ मिटरको १०४ थान	जय बजरङ्ग ह्युमपाईप उद्योग	९५११७४।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडन भएको खुल्ने प्रमाण बेगर भुक्तानी

८९,२०७९।९।२९	प्लाईउड खरिद	बजँरग ट्रर्डस	१४८५०६।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडान भएको खुल्ने प्रमाण बेगर भुक्तानी । २० हजार भन्दा बढीको पान विलमा कारोबार ।
९२,२०७९।१०।०६	ह्यमपाईप खरिद	जय जगदम्बा जेनरल सप्लायर्स	२९८७६८।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडान भएको खुल्ने प्रमाण बेगर भुक्तानी ।
१८८,२०८०।०३।२०	७९ थान सडक बत्ति लागायत फिटिङ्ग समान	राईजिङ्ग नेपाल अटोमोबाईल ईलेक्ट्रिकल कन्सल्टेन्सी अलट्रेड एण्ड सप्लायर्स प्रा लि	९९७४२५।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडान भएको खुल्ने प्रमाण बेगर भुक्तानी ।
१३८,२०७९।६।१४	११ थान हेण्ड पाईप र सो सँग सम्बन्धित खरिद वितरण	हैण्ड पाईप वितरण उ.स.गरुडा न.पा.५	१९२००९।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडान भएको खुल्ने प्रमाण बेगर भुक्तानी ।
१७१,२०८०।३।०४७पूजिँगत	गजेन्द्र ईन्जिनियरीङ्ग प्रा लि	सडक बत्ती	९३५६४०।००	नापचाँज प्राविधिक मुल्याङ्कन तथा जडान भएको खुल्ने प्रमाण बेगर भुक्तानी ।
	जम्मा		५८८७६६९.००	

प्रमाण पेश नगरेको	५८,८७,६६९

१०७ **कर कट्टा** - मेयरकप क्रिकेट टुनामेण्टको लागी लेजेण्ड क्लव अफ रौतहट सँग प्रस्तावना बेगर लागत अनुमान रु १६६५६४१।०० गरेकोमा स्विकृत भएको छैन । पालिकाले न पा को अँश रु १४९९०७७।०० र क्लवले बेहोर्ने रु १६६५६४।०० गरी सम्झौता भएकोमा सम्बन्धित पार्टीको विल नलिई कार्यक्रम गरेको टुक्रा विलको आधारमा रु १४४७७०७।०० भुक्तानी गरेको छ । कार्य सम्पन्न पश्चात सम्पन्न प्रतिवेदन समेत पेश नभएको नियम सम्मत देखिदैन । यसमा सुधार हुनु पर्दछ । साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवाशुल्क मा १५ प्रतिशत कर रु २१७१५६।०० कट्टी गर्नुपर्नेमा रु १९४१६।०० मात्र कट्टा गरेकोले न्यून कर कट्टा असूल हुनु पर्ने । रु

असुल गर्नुपर्ने	१,९७,७४०

१०८ **हयाण्डपाईप जडान** - पालिकाले श्री गँगा उपभोक्ता समिती गरुडा न पा ९ सधुनाथपुर लाई हयाण्ड पम्म खरिद तथा जडानको लागी नगरपालिका सँग सम्झौता गरी प्रविधिक विल तथा नापी किताब अनुसार १९ स्थानमा जडान भएको भनि रु ८८४५०६।५९ को विल तयार गरी रु ७७२१७४।०० गरेकोमा उपभोक्ता

समितिले पेश गरेको खरिद विल अनुसार कालिका कन्सर्न बाट १६ सेट मात्र खरिद गरेकोले प्रविधिक विलमा विस्वस्त हुन सकिएन । सो सम्बन्धमा एकिन गरी खरिद नै नगरेको ह्याण्डपाईप जडान भएको ३ थान हेण्ड पाईपको अनुपातीक भुक्तानी रु १२१९२२।०० असूल हुनुपर्ने। रु

असुल गर्नुपर्ने	१,२१,९२२

१०९ **व्यवसायिक कर -** अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ को अनुसुची १ अनुसार सँस्थागत कर उठाउने अधिकार सँधिय सरकरको रहने व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसार भौचर बाट डोजर तथा हेवी ईकुपमेण्ट बापत व्यवसायीक बहालकर कट्टा गरेकोमा उक्त रकम सँधिय सँचित कोष दाखिला हुनुपर्नेमा नगरपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गरेको छ । उक्त व्यवसायिक कर सँघिय सँचित कोष दाखिला हुनु पर्ने । रु

गो भौ न	शिर्षक	रकम
८५,२०७९।९।२१	पुजिगत	२५६५१६।००
१३५,२०८०।२।०७	पुजिगत	५०२५।००
२३७ ,०८०।३।२५	पुजिगत	१६२५५४।००
२३८ ,०८०।३।२५	पुजिगत	६६९७३८।००
५५६,२०८०।३।६	चालु	१८८५८१।००
	जम्मा	१२८२४०४।००

असुल गर्नुपर्ने	१२,८२,४१४

११० **प्रमाण कागजात -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्चको बिल भरपाई तथा वितरण भरपाई पेश भएको देखिएन ।नियमावलीमा भएको व्यवस्था अनुसार रु १८२२०९६.०० को बिल भरपाई तथा प्रमाण कागजात पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु

गो भौ नं मिति	भुक्तानी पाउने	प्रयोजन	रकम	कैफियत
१०५-२०७९।११।१७पुजिगत	श्री माध्यमिक विद्यालय गेहडी गुठी	कक्षा १० का विद्यार्थीलाई भ्रमण अनुगमन	५००००।००	विल भरपाई तथा खर्चपुष्ट्र्याई प्रमाण पेश नभएको ।
१२१-२०७९।११।१७पुजिगत	श्री माध्यमिक विद्यालय गेहडी गुठी	करार शिक्षकलाई लागी अनुदान	५०००००।००	शिक्षक नियुक्ती प्रमाण तथा खर्च गरेको प्रमाण पेश नभएको ।

१२३,२०८०।१।१९पूजिँगत	कुशवहा सप्लायर्सलाई भुक्तानी	भिनिष्ता	९८५४९।००	दाखिला प्रमाण तथा नापी किताब र प्रयोग खुल्ने प्राविधिक विल पेश नभएको ।	
१३३,२०८०।२।०४ पूजिँगत	मदरसा जमिया हनफिया रिनवीया जननगर	करार शिक्षकलाई लागी अनुदान	३४००००।००	शिक्षक नियुक्ती प्रमाण तथा खर्च गरेको प्रमाण पेश नभएको ।	
१३३,२०८०।२।०४ पूजिँगत	श्री आधारभुत विद्यालय जयनगर	करार शिक्षकलाई लागी अनुदान	७०००००।००	शिक्षक नियुक्ती प्रमाण तथा खर्च गरेको प्रमाण पेश नभएको ।	
५०४, २०८०।२।१२ चालु न पा	जितेन्द्र प्रसाद यादव	गाडी मर्मत बापत ईष्टिमेट विल पेश गरी खर्च	१९७००।००		
६१०। २०८०।३।२३ न पा चालु	मन्देश कुमार यादव	न्यायिक समिती खाजा खर्च रु१६००००।०० विल भरपाई रु ६३१५०।००	९६८५५।००	वितरण भरापई तथा विल भरपाई पेश नभएको ।	
५८, २०७९।६।९	अर्जसन राय यादव	विधिध खर्च बापत रु १५४१४१।०० भुक्तानी भएकोमा विल भरपाई रु १३७१४९।०० मात्र भुक्तानी दिएको	१६९९२।००	विल भरापई बेगर भुक्तानी	
	जम्मा		१८२२०९६.००		

प्रमाण पेश नगरेको	१८,२२,०९६

१११ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउनुपर्ने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी निम्नानुसार रु. २५३७७२९।०० भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

भौचर न	गो भौ न र मिती	भुक्तानीको विवरण	भुक्तानि पाउनेको नाम	रकम	कैफियत
६ पुजीगत	२०७९।५।२९	कार्यालय सन्चालन खर्च	वडा न ७ का सचिव सिकिन्द्र ठाकुर	२१००००.	आ व २०७७।०७८ का विभिन्न थान विल को भुक्तानी एक आ व फड्की भुक्तानी हुनुको कारण तथा

					नगरपालिकाको स्टोरमा समान दाखिला नभई वडामा दाखिला गरेको आधारमा भुक्तानी ।
५३६ चालु	५३६,२०८०।३।३	करार शिक्षक न पा २०७९ बैशाख देखि असार सम्मको भु	करार शिक्षक न पा	९४८६६०.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
३३चालु	०६/०६/२०७९	सलग्न निवेदन विल ताेक आदेश वमाेजिम विविध खर्च काे रकम न्यू हाेटेल एन पी स्टार लाइ भुक्तानी ।		३०१३६९.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
७९चालु	०६/१२/२०७९	संलग्न निवेदन विल ताेक आदेश वमाेजिम पत्रपत्रिकाकाे रकम भुक्तानी ।		१९५००.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
१०१ चालु	०६/१३/२०७९	सलग्न निवेदन भ्रमण विल ताेक आदेश वमाेजिमकाे रकम न.पा.का पदाधिकारीहरुलाइ भुक्तानी ।		११२५००.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
१०९चालु	०६/२५/२०७९	सलग्न भरपाइ वमाेजिम आ.व.०७८/०७९ र ०७९/०८० काे वैठक भत्ताकाे रकम यस न.पा.का पदाधिकारी तथा कर्मचारी लाइ भुक्तानी ।		४६६०००.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
२०२चालु	०८/२३/२०७९	सलग्न भरपाइ वमाेजिम गत वर्षकाे तलब वाकीकाे रकम अनिल कुमार यादव र मुस्कान कुमारी चाैरसीयालाइ भुक्तानी ।		१२७२००.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
२८० चालु	१०/११/२०७९	सलग्न तलवी भरपाइ वमाेजिम ०७९ जेठ र असार काे तलब जिकेन्द्र राय यदवलाइ भुक्तानी ।		५४०००.	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
२८३ चालु	२०७९।१०।११	बैठक भत्ता बापत वडा न ६ मा चम्पादेवी लाई भुक्तानी		४०५००	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
४२१ चालु	२०७९।१२।२८	घरभाडा बापत ईन्दु देवी लाई भुक्तानी २०७८ माघ देखी २०७९ असार सम्म		२५८०००	भुक्तानी दिन बाकि शुत्रमा प्रविष्टी नभएको ।
		जम्मा		२५३७७२९।००	

अनियमित भएको	२५,३७,७२९

११२ **शसर्तको गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन

बाँकीको व्यवस्था गर्नु पर्दछ । साथै शसर्त अनुदानको रकम बर्षान्तमा खर्च नभई बाकि रहेमा फ्रिज गर्नुपर्नेमा यस बर्षको अन्य शिर्षक तथा कार्यक्रमको खर्च बाट शिर्षक फरक पारी अनुदानको रकम बर्षान्तमा फ्रिज नगर्ने उदेश्यले यस बर्ष रु. २६१७६३०।०० भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

गो भौ।मिती	भुक्तानी पाउनेको नाम	भुक्तानी विवरण	रकम	कैफीयत
३।२०७९।५।३०	सि अ हे व श्री रामनरेश राय यादव	०७८ चैत्र १ गते देखि ०७९ असार १९ गते सम्मको सट्टा बिदाको रकम	२७६४४३	
४।२०७९।५।३१	सि अ हे व श्री विनय कुमार झा	गत आ व को सट्टा विदा र नाईट ड्युटि गरेवापतको रकम	५४११२२	
८।२०७९।६।५	महम्मदपुर हेल्थ पोष्ट	आ ब २०७८।७९ को भुक्तानी दिन बाकी सुरक्षित गर्भपतन सेवा , सुत्केरी लाई यातायात बापतको रकम	१२४७८००	
१५।२०७९।६।१२	सि अ हे व श्री विनय कुमार झा	आ व ०७७।७८ र ०७८।७९ को आमा कार्यक्रम बापतको रकम	३८३२००	कागजात सलग्न नरहेको
२०।२०७९।६।१३	हे.अ. श्री धर्मेन्द्र राय यादव	०७८ कार्तिक देखि माघ सम्मको तलब	१६९०६५	
		जम्मा	२६१७६३०।००	

अनियमित भएको	२६,१७,६३०

११३ **गत वर्षको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी गत बर्षको भुक्तानी भनी ४१ पार्टीलाई रु १५०८६७२८।०० गत बर्षको भुक्तानी दिब बाकि शुत्रमा राखी भुक्तानी दिएको छ । यसरी पालिकाले बजेट नै नरहेको अवस्थमा भुक्तानी दिन बार्कि ठुलो रकम राख्दा चालू बर्षको बजेट तथा कार्यक्रममा दवाब सिर्जना हुने हुद यस्तो कार्यमा नियन्त्रण गरीनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११४ **फरक दर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी आ व २०७७।०७८ को कार्यक्रमको भुक्तानी एक आ व फड्की यस आ व मा पक्की नाला निर्माणको लागी चान्दी उपभोक्ता सकिति गरुडा न पा २ लाई रु ३८६५२८।०० भुक्तानी दिएको सम्बन्धमा एकिन गरीनु पर्दछ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)

बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । निम्नानुसारको कार्य गरेकोमा निम्नानुसार नर्म्स अनुसारको दर भन्दा निम्नानुसार बढी दरले भुक्तानी दिएको रु ४३६२७।०० सो समेत असूल हुनु पर्दछ ले असूल हुनु पर्दछ ।रु

कामको विवरण	भएको काम परिमाण	भुक्तनी दर	भुक्तानी हुनुपर्ने दर	बढी भुक्तानी दर	बढी भुक्तानी रकम
Pcc work 1:2:4 Rcc work	१२.२३	१४०६६	१०३३८	३७२७	४५५८१
Brick soiling work first class	४५.४५	८२४।७२	७६१।०२	६३।६९	२८९४
			न पा अश ९० प्रतिशत भुक्तानी		४३६२७।००

असुल गर्नुपर्ने	४८,४७५

११५ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । निम्नानुसारको कार्य गरेकोमा निम्नानुसार नर्म्स अनुसारको दर भन्दा निम्नानुसार बढी दरले भुक्तानी दिएको सो समेत असूल हुनु पर्ने ।रु

गो भौ न र मिती	भुक्तानी पाउनेको नाम	कामको विवरण	भएको काम परिमाण	भुक्तनी दर	भुक्तानी हुनुपर्ने दर	बढी भुक्तानी दर	बढी भुक्तानी रकम
२५,२०७९।६।१४	गेहडी गुठी स्वास्थ्य चौकीमा बाटो मर्मत को लागी महादेव उपभोक्ता समिती गरुडा लाई भु वडा न २	Brick soiling work first class	७०.५५	८२४।७२	७६१।०२	६३।६९	४४९३।००
२६,२०७९।६।२४	कल्भर्ट तथा बाटो मर्मत कार्य श्री राम उपभोक्ता समिती	Pcc work 1:2:4 Rcc work	१२.२३	१२४३३।२७	१०३३८।३१	२०९७	१६९१३।००
					जम्मा		२१४०६।००

असुल गर्नुपर्ने	२१,४०६

११६ **मेशिनरी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बास्तविक बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस पालिकाको स्टोर विवरणमा कुनै पनि औषधि छर्किने मेशिनरी नदेखिएकोमा यस भौचर बाट औषधि छर्किने मेशन मर्मत गरेको भनि मर्मत आदेश तथा मर्मत विल बेगर रु ४४८००।०० मुकेश विज भण्डारलाई भुक्तानी गरकोले उक्त खर्च बास्तविक नदेखिएकोले असूल हुनु पर्दछ । रु

असुल गर्नुपर्ने	४४,८००

११७ **पदाधिकारी बैठक** - पालिकाले पदाधिकारी बैठक बापत विभिन्न मितिमा बैठकको माईन्युट राखी रु १५०१५००।०० खर्च लेखेको छ । उक्त बैठकको माईन्युटमा बैठक समय नखुलाएको साथै समान्य कार्यालय सन्चालन प्रकृतिका निर्णय गरी बैठक भत्ता खर्च लेखेको छ । कार्यालयले खर्चलाई पारदर्शी र बास्तविक बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११८ **पेश्की** - पालिकाले गत आ व को पेश्की बाँकी भनि जय हनुमान उ स गरुडा ५ लाई दिएको पेश्की अल्या गरेकोमा यस बर्ष काम नगरी पेश्की बाँकी रहेको छ। यसरी उ स ले कामै नगरी पेश्की लिएको रकम रु २४२४५९४।०० व्याज सहित असूल हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११९ **मू.अ.करमा दर्ता नभएकासंग खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा निम्नानुसार रु. १७६६४१।०० भुक्तानी गरेकोमा मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको नियम सम्मत देखिएन । पालिकाले नियममा भएको व्यवस्था परीपालना गरी मू अ कर दर्तावाला सँग खरिद गर्ने परिपार्टी बसाल्नु पर्दछ । साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपरेमा सो समेत नगरेकोले कर रु २६४९६।०० समेत असुल हुनुपर्दछ । रु

गौ भौ न र मिति	विवरण	भुक्तानी रकम रकम	कर कट्टा गर्नुपर्ने
४२,२०७९।७।२०	छठघाट सजावत बपात छठु प्रसाद साह लाई विभिन्न टेन्ट तथा साउण्ड हाउसका विल पान विलमा भुक्तानी अमानत बाट काम गराएको	१०६६४१।००	१५९९६।००
४३,२०७९।७।२०	छठघाट सजावत बपात रुपलाल सहनी लाई विभिन्न टेन्ट तथा साउण्ड हाउसका विल पान विलमा भुक्तानी अमानत बाट काम गराएको	७००००।००	१०५००।००
	जम्मा	१७६६४१।००	२६४९६।००

असुल गर्नुपर्ने	२६,४९६

१२० **मू.अ.करमा दर्ता नभएकासंग खरिद** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा निम्नानुसार रु. १९८९५००।०० भुक्तानी गरेकोमा मु.अ.कर दर्ता नभएको फर्म संग खरिद गरेको नियम सम्मत देखिएन । साथै आयकर ऐन २०५८ को दफा ८८ अनुसार

सेवाशुल्कमा १५ प्रतिशतका दरले रु कर कट्टा हुनु पर्नेमा न्युन कर असूली भएको रु१८४५२३।०० समेत असूल गरी सँघिय राजस्व खाता दाखिला हुनु पर्दछ । रु

गो भौ।मिती	भुक्तानी पाउने पदाधिकारी	पान बिल बेगर कारोबार	कर कट्टा नगरेको बिल रकम	तिर्नु पर्ने कर	तिरेको कर रकम	बाँकी तथा असुल्ने कर रकम
४६।२०७९।७।२०	खुस्बु कुमारी पटेल	नमस्ते नेपाल टेण्ट हाउस	१०००००	१५०००	१५००	१३५००
४७।२०७९।७।२१	जय प्रकाश चौधरी	नमस्ते नेपाल टेण्ट हाउस	३५५०००	३५५००	१७७५०	१७७५०
		संगित कला केन्द्र गरुडा	२७००००			
४८।२०७९।७।२१	राजकुमार सहनी	जय मा पनकनीया लाईट डी जे साउण्ड एण्ड हाउस	५००००	५०००	२५००	२५००
५१।२०७९।७।२३	संगीत प्रसाद साह	चन्दन टेण्ट हाउस	३००००	३०००	१५००	१५००
५७।२०७९।७।२४	लालबाबु दास	अजित लाइट एण्ड हाउस	५१०००	५०००	२५००	२५००
६९।२०७९।८।११	लालबाबु दास	अजित लाइट एण्ड हाउस	५३३५००	८००२५	१३७५०	६६२७५
९७।२०७९।११।११	शेख एमान हुसेन	वँजरंग टेण्ट हाउस।न्यु लक्ष्मी लाईट।विशाल लाईट	२०००००	३००००	३४५६	२६५४४
९८।२०७९।११।११	अनिल कुमार पाल	भगवती टेण्ट हाउस	४०००००	६००००	६०४६	५३९५४
जम्मा			१९८९५००	२३३५२५	४९००२	१८४५२३
					असुल गर्नुपर्ने	१,८४,५२३

१२१ **वितरणमुखी तथा अनुत्पादक खर्च** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने बुँदा नं. १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । कार्यालयले शुभकामना आदान प्रदान, स्वागत, बिदाई, पुजा, समाग्री वितरण जस्ताकार्यक्रम राखी निम्न अनुसार रु. ३७८८१४५।०० खर्च गरेको छ ।जसको केहि उदाहरण निम्न बमोजिम उल्लेख गरिएको छ । सार्वजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस्तो अनुत्पादक प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

सि न	निर्णय मिती	निर्णय नं	रकम	कैफियत विवरण
१	२०७९।७।५	१	१८८००००	वडा नं १ देखि ९ सम्म विभिन्न छठ घाट सजावट तथा व्यवस्थापन कार्यका लागि का स अरुण पासवानलाई भुक्तानी ।
२	२०७९।७।६	२	५०००००	वडा नं १ देखि ९ सम्म व्रतालुहरुको व्रत सामग्री र छठ पुजा र वितरण कार्यक्रम पोषण कार्यक्रम संयमसेवक रामनारायण सहनी लाई भुक्तानी
३	२०७९।७।१६	३	३५५०००	विभिन्न घाट सजावटको लागी भुक्तानी (पिकनिक निर्माण कार्यको पुँजिगत शिर्षकको बजेट भुक्तानी
४	गो.भौ.नं.१०४।०७९।११।१७	निर्णय बेगर	१०००००	स.क.झ. कफिल अहमद अन्सारी लाई श्री ब्रहम भगवती मन्दिरमा पुजा आरधानमा मा धोती,गन्जी,साडी,चूनरी साथै १ थान पाडो २८००० को ,२थान खसी रु ३०००० र २ थान बाख्रा २२००० को खरीद गरेको भुक्तानी
५	गो.भौ.नं.१०४।०७९।११।१७	निर्णय बेगर	३२४८४०	नेपाल संगित कला केन्द्रलाई सोमवारी मेलामा जनचेतनामुलक भक्तिरस संस्कृतिक कार्यक्रम (बिल भरपाई बेगर रकम भुक्तानी)
६	५०६ चालु २०८०।२।१४	तोकादेश	२५०००।००	व्रिज किशोर सहनी लाई भुक्तानी विल भरपाई बेगर क्रिकेट प्रतियोगीताको लागी प्रतियोगिता भएको खुल्ने प्रमाण पेश नभएको ।
७	५०६ चालु २०८०।२।१४	तोकादेश	२५०००।००	सेख साहद लाई भुक्तानी विल भरपाई बेगर क्रिकेट प्रतियोगीताको लागी प्रतियोगिता भएको खुल्ने प्रमाण पेश नभएको ।
८	५३४ चालु २०७९।११।१७ र ६२४ चालु २औ८०।३।२४	तोकादेश	५७८३०५।००	ओम जनरल सप्लायर्स एण्ड अर्डर सप्लायर्स बाट २५० थान बल्याङ्केट खरिद गरी छनौटको आधार बेगर वडा न ३ मा वितरण
जम्मा			३७८८१४५।००	

सैद्धान्तिक बेरुजु

१२२ **विल भरापाई तथा प्रमाण बेगर पेश्की फर्छौट** - आर्थिक कार्यविधी तथा वित्तिय उतरदायित्व नयमावली २०७७ को दफा ४७ को उपदफा ४ मा पेश्की लिने व्यक्ती तथा सँस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने विल भरपाई र कागजात सहित फर्छौटको लागी पेश गर्नु पर्दछ । साथै सोही नियमावलीको नियम ५१ अनुसार समयमा काम सम्पन्न नगरेमा म्याद नाधेको मिती देखी १० प्रतिशतका दरले व्याज सहित असूल गर्नुपर्ने व्यवस्था उल्लेख भएको छ । यस नगरपालिकाले निम्नानुसार पेश्की फर्छौट गरेकोमा सो को भौचर तथा प्रमाण कागजात पेश भएको छैन । नियमानुसार पेश्की फर्छौटको प्रमाण कागजात पेश हुनु पर्दछ अन्यथा व्याज सहित असुल हुनु पर्ने । रु

सिन	निर्णय मिती	निर्णय नं	रकम	कैफियत विवरण	फछ्र्यौट विवरण
१	२०७९।७।५	१	१८८००००	वडा नं १ देखि ९ सम्म विभिन्न छठ घाट सजावट तथा व्यवस्थापन कार्यका लागि का स अरुण पासवानला भुक्तानी दिएको	न पा पूजिगतको भौचर न १२८ मिती २०८०।२।२० मा फछ्र्यौट गरेको
२	२०७९।७।६	२	५०००००	वडा नं १ देखि ९ सम्म व्रतालुहरुको व्रत सामग्री र छठ पुजा र वितरण कार्यक्रम पोषण कार्यक्रम संयमसेवक रामनारायण सहनी लाई भुक्तानी	न पा चालू गो भौ न ४७७ मिती २०८०/०२/०२मा फछ्र्यौट गरेको
			२३८००००।००		

प्रमाण पेश नगरेको	२३,८०,०००

१२३ **टुक्रा पारी सोझै खरिद** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने व्यवस्था छ भने नियमावली २०६४ को नियम ३ ३१(१)मा रु.२० लाख रुपैंया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ८५(४) अनुसार १ लाख रुपैंया भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सुचिमा रहेका कम्तिमा ३ वटा आपूर्तिकर्ताबाट लिखित रुपमा दरभाउपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयले यो वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रु.२८ लाख ९९ हजार खर्च गरेको छ । उस्तै प्रकृतिको विभिन्न खरिद कार्यलाई प्याकेजीङ्ग गरी बोलपत्रको माध्यमबाट गराउन सकिने अवस्थामा समेत अलग अलग ससाना टुक्रा लागत अनुमान तयार नगरी सोझै खरिद गरेको केही उदाहरण निम्नानुसार रहेको छ । एउटै प्रकृतिको धेरै मसलन्द तथा कार्यालय सामग्री खरिदको कामलाई उपयुक्त प्याकेज बनाई खुला बोलपत्र आव्हान गरी मितव्ययी तरिकाले खरिद गर्नुपर्दछ ।केहि उदाहरण निम्न छनः

भौचर नम्बर मिति	विवरण	रकम
	मेशिनरी औजार खरिद	
३४,२०७९।७।३	ल्यापटप खरिद , देव ओभरसिज , पशुपति ट्रेडर्स एण्ड सप्लायर्स बाट १ थानका दरले ३ थान	२४३७२८।००
५९,२०७९।७।२५	ल्यापटप तथा प्रिन्तर लागायत समान साविति्र ईलेक्ट्रिकल्स	९९९५५२
६०,२०७९।७।२५	ल्यापटप तथा प्रिन्तर समान व्याहुल ईलेक्ट्रोनिक्स बाट खरिद	९९९५५२
९०,२०७९।९।२९	टी भि तथा भ्याकुम क्लिनर लागायत प्रेम सप्लायर्स	४१२४६१

१८७,२०८०।३।२० न पा पूजी साथै १३ भौचर न सँघिय सशर्त पुजी र २०५ पूजिगत बाट	डी एस एल आर क्याभेरा लगायत अयुषमन ट्रेडर्स बाट	९९०७३३
	फर्निचर तथा फिक्चर्स	
४४,२०७९।७।२०	आदर्श दुर्गा ईलेक्ट्रोनिक्स	९९९९९३
९०,२०७९।९।२९	प्रेम सप्लायर्स	५८७३९०
१२४,२०८०।१।२९	शारधा ट्रेडिङ्ग कन्सर्न	६३४४९५
२१५,२०८०।३।२४	ग्याजेट जोन प्रा लि ए सी तथा कार्पेट लागतयका समान	९९३२१३
५०८ २०८०।२।१४ चालू	विरेन्द्र ईलेक्ट्रिकल एण्ड सप्लायर्स बाट ईन्भटर र व्याट्री खरिद	३५५५११
५६९ २०८०।३।१९	मास्ट साईबर क्याफे ईलेक्ट्रिकल समान खरिद	९४७४१८

सैद्धान्तिक बेरुजु

१२४ **गैह्र सरकारी संस्थालाई भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९(१) मा गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य संञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै नियम ९९(२) मा उपनियम (१) बमोजिमको काम गराउनको लागि कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तर वा स्थानियस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नुपर्ने र माग अनुसार पर्न आएका प्रस्तावहरु प्रस्तावदाताको रोहवरमा खोली मुचुल्का तयार गर्नुपर्ने र न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावदाताको प्रताव स्विकृति गरी सम्झौता गर्ने उल्लेख छ। साथै सम्झौता गरेर कार्य आदेश दिनुपर्ने, खरिद गर्नुपर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायि लेखा नम्बर र मू.अ.क दर्ता प्रमाण पत्र प्राप्त गरेका संस्थाबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसारको मू.अ.करमा दर्ता भए पनि बिजक जारी नगरेको तथा केहीले पेश गरेको पनि गैर सरकारी संस्था मार्फत लागत अनुमान, मौजुदा सूचीमा दर्ता सूचना प्रकाशन, राष्ट्रियस्तर/स्थानीयस्तरका दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी प्रस्ताव माग नगरी सोझै खरिद गरेको नियमसगत देखिदैन।तालिम तथा कार्यक्रम गरेको संस्थाको प्रशिक्षकको योग्यता नखुलेको, सहभागी छनौटको आधार, लक्षित वर्ग पहिचान नगरी तालिम दिएको पाइयो ।तालिमको आवश्यकता नै पहिचान नगरी तालिम तथा कार्यक्रम संचालन गरेको पाइयो ।प्रशिक्षकले प्रशिक्षण गराएको कक्षा तालिका पनि नरहेको, कुन विषयको बारेमा प्रशिक्षण गरेको प्रमाण नरहेको, संस्थाले विभिन्न सामान खरिद गरेकोमा सो को वितरण भरपाई समेत संलग्न रहेको देखिएन, अधिकाँश तालिम तथा कार्यक्रमको भएको फोटो पनि पेश नभएको पाइयो । संस्थाहरुबाट भएको कामको प्रभावकारीता मूल्याङ्कन र अनुगमन प्रतिवेदन बेगर भूक्तानी देखियो भने सम्झौता भएको पार्टीको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी गरेको छ । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ । जसका उदाहरण निम्नानुसार रहेका छन् ।

गो भौ न र मिति	कार्यक्रमको नाम	भुक्तानी पाउने	रकम	कैफियत
८६,२०७९।०९।२४	लागु औषध दुर्व्यसन सम्बन्धी अभिमुखीकरण तालिम	सर्पोट नेपाल	४७०२००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर कट्टा गरी भुक्तानी
११९,२०८०।०१।२६	महिला हिँसा विरुद्ध जनचेतना तालिम कार्यक्रम	अनुशासन महिला विकास सेवा केन्द्र नेपाल	७६६३००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर कट्टा रु ११४९४५।० गर्नुपर्नेमा रु ५५२१५।०० मात्र कट्टा गरेको न्यून कर रु ५९७३०।००
१७२,२०८०।०३।०७	महिला हिँसा विरुद्ध जनचेटना तालिम कार्यक्रम	सहारा केन्द्र नेपाल	४९९६००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर कट्टा गरी भुक्तानी
१९९,२०८०।३।२२	बाल विवाह विरुद्ध जनचेतना अभियान	समाज विकास अभियान राजपुर रौतहट	३९९०००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर कट्टा रु ५९८५०।०० गर्नुपर्नेमा रु १०३२८।०० मात्र कट्टा गरेको न्यून कर रु ४९५२२।००
२३०,२०८०।०३।२४	महिला हिँसा विरुद्ध जनचेटना तालिम कार्यक्रम	सृजनात्मक समाज कल्याण केन्द्र नेपाल	६९८०००।००	
चालु तर्फ ५४२,२०८०।३।३	सार्वजनिक सुनुवाई कार्यक्रम	समाज सुधार नेपाल	४९९४५०।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर कट्टा गरी भुक्तानी
चालु तर्फ ५४२,२०८०।३।३	महिला शसक्तिकरण	राष्ट्रिय ग्रामिण विकास केन्द्र	४९९९००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर ७४९८५ कट्टा गरी दाखिला गर्नुपर्नेमा रु १७१०९।०० मात्र दाखिला गरेकोले न्यून दाखिला रु ५७८७६।०० असूल हुनुपर्दछ ।
चालु तर्फ ५७६,२०८०।३।२१	वडा न ४ मा बाल विवाह विरुद्ध जनचेतनामुलक तालिम कार्यक्रम	जन उत्थान विकास केन्द्र	३९९३००।००	सम्बन्धितको विल नलिई टुक्रा विलको आधारमा भुक्तानी , १५ प्रतिशत कर ५९८९५ कट्टा गरी दाखिला गर्नुपर्नेमा रु ९९५७।०० मात्र दाखिला गरेकोले न्यून दाखिला रु ४९९३८।०० असूल हुनुपर्दछ ।

आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्क भुक्तानिमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले उपरोक्त अनुसारको ४ गैह्र सरकारी सँस्था मार्फत काम गराएकोमा मू अ कर विजक पेश नभई विभिन्न पार्टीको विल राखी पेश्की फर्छौट गरेकोमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा न्यून कट्टा गरेको रु २१७०९६।०० असूल हुनु पर्ने । रु

असुल गर्नुपर्ने	२,१७,०९६

१२५ **नर्म्स भन्दा वढी खर्च** - प्रदेश खर्च मापदण्ड तथा निर्देशिका २०७७ मा कार्यक्रम,तालीम तथा गोष्ठी संचालन सम्बन्धमा नम्स सम्बन्धी व्यवस्था रहेको छ। पालिकाले कार्यक्रम तथा गोष्ठी, सेमिनार आयोजना गरी खर्च लेख्दा सो मापदण्डअनुसार खर्च लेख्नु पर्नेमा नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको कार्यक्रममा बढी खर्च लेखेको देखिएकोले असुल गर्नुपर्ने देखिएको रु

सिन	गो.भौ नं/मिति	कार्यक्रमको नाम	कार्यक्रम संचालन गर्नेको नाम	विवरण	नर्म्स	भुक्तानी दिएको रु	बढी भुक्तानी रु	
१	८६,२०७९।०९।२४	लागु औषध दुर्व्यसन सम्बन्धी अभिमुखीकरण तालिम	सर्पोट नेपाल	सँयोजक	४०० प्रतिदिन	४ दिनको १५०० का दरले १ जनालाई ६०००।००	४४००	
				कार्यक्रम सहयोगी	२५० प्रतिदिन	१००० को दरले १ जनाको ४दिन ४०००	३०००	
				प्रशिक्षक	१५००	४००० का दरले ४ दिन १ प्रशिक्षक जम्मा खर्च १६०००	१००००.	
				सहायक प्रशिक्षक	१०००	३००० का दरले ४ दिन १ प्रशिक्षक जम्मा खर्च १२०००	८०००.	
				सहभागी भत्त	यातायात खर्च ५०० क दरले दिईसेकेकोमा पुन सहभागी दैनिक भत्ता दिनमिल्ने व्यवस्था छैन ।	८६०००।००	८६०००.	
				संस्थाबाट अनुगमन	१०००	२५००। भुक्तानी	९०००.	
				प्रतिवेदन	२०००	३०००	१०००	
				जम्मा			१२१४००	
२	११९,२०८०।०१।२६		अनुशासन महिला	प्रतिवेदन लेखन	२०००	१६०००	१४०००.	

		महिला हिँसा विरुद्ध जनचेतना तालिम कार्यक्रम	विकास सेवा केन्द्र नेपाल	सँयोजक	४०० प्रतिदिन	८ दिनको १५०० का दरले १ जनालाई २४०००	२०८००.	
				अनुगमन	१०००	२ पटक को १२०००	१००००	
						जम्मा	४४८००.	
३	१७२,२०८०।०३।०७	महिला हिँसा विरुद्ध जनचेतना तालिम कार्यक्रम	सहारा केन्द्र नेपाल	प्रशिक्षक	१५००	२००० का दरले १० दिन १ प्रशिक्षक जम्मा खर्च २००००।००	५०००.	
				सहायक प्रशिक्षक	१०००	१६०० का दरले १० दिन १ प्रशिक्षक जम्मा खर्च १६०००।००	६०००.	
				कार्यक्रम सहयोगी	२५०प्रतिदिन	५०० को दरले २ जनाको १०दिन १२०००।००	६०००.	
				सहभागी यातायात खर्च	५०० प्रतिदिन	६०० को दरले ५० जनाको १०दिनर रु३०००००।००	५००००.	
						जम्मा	६७०००.	
४	२३०,२०८०।०३।२४	महिला हिँसा विरुद्ध जनचेतना तालिम कार्यक्रम	सृजनात्मक समाज कल्याण केन्द्र नेपाल	प्रशिक्षक	१५००	२५०० का दरले ६ दिन २ प्रशिक्षक २ समुह जम्मा खर्च ६००००।००	२४०००.	
				सहभागी यातायात	५००	१०० जना ६ दिनको रु ३३००० खर्च	३००००.	
				प्रतिवेदन	२०००	१८०००	१६०००	
				अनुगमन	१०००	२ पटक को १ जना ४०००	२०००.	
				कार्यक्रम सहयोगी	२५०प्रतिदिन	२४०० को दरले १ जनाको ६दिन २ समुहको २६४००।००	२३४००.	
						जम्मा	९५४००.	
५	चालु तर्फ ५४२,२०८०।३।३	सार्वजनिक सुनुवाई कार्यक्रम		सँयोजक	४०० प्रतिदिन	१५ दिनको २००० का दरले १	२४०००.	

			समाज सुधार नेपाल			जनालाई ३००००।००		
				सँयोजक सहजकर्ता	४०० प्रतिदिन	१५ दिनको १५०० का दरले १ जनालाई २२५०००।००	१६५००.	
						जम्मा	४०५००.	
६	चालु तर्फ ५४२,२०८०।३।३	महिला शसक्तिकरण	राष्ट्रिय ग्रामिण विकास केन्द्र	प्रशिक्षक	१५००	२००० का दरले ७ दिन ३ प्रशिक्षक जम्मा खर्च ४२०००।००	१०५००.	
				कार्यक्रम सहयोगी	२५०प्रतिदिन	५०० को दरले ३ जनाको ७ दिन २ समुहको १०५००।००	५२५०.	
				सँयोजक	४०० प्रतिदिन	७ दिनको १००० का दरले १ जनालाई ७०००।००	४२००.	
						जम्मा	१९९५०.	
७	चालु तर्फ ५७६,२०८०।३।२१	वडा न ४ मा बाल विवाह विरुद्ध जनचेतनामुलक तालिम कार्यक्रम	जन उत्थान विकास केन्द्र	प्रशिक्षक	१५००	२००० का दरले ८ दिन १ प्रशिक्षक जम्मा खर्च १६०००।००	४०००.	
				कार्यक्रम सहयोगी	२५०प्रतिदिन	५०० को दरले २ जनाको ८दिन ८०००।००	४०००.	
				सँयोजक	४०० प्रतिदिन	८ दिनको १५०० का दरले १ जनालाई १२०००।००	८८००.	
				प्रतिवेदन	२०००	८०००	६०००.	
						जम्मा	२२८००.	
८	१९९,२०८०।३।२२	बाल विवाह विरुद्ध जनचेतना अभियान	समाज विकास अभियान राजपुर रौतहट	सँयोजक	४०० प्रतिदिन	६ दिनको १६०० का दरले १ जनालाई १९२००।००	१४४००.	
				प्रशिक्षक	१५००	१६०० का दरले ६ दिन १ प्रशिक्षकर	१२००.	

						समुह जम्मा खर्च १९२००।००		
				प्रतिवेदन	२०००	४९००	२९००.	
				कार्यक्रम सहयोगी	२५०प्रतिदिन	१००० को दरले १ जनाको ६ दिन १२०००।००	९०००.	
						जम्मा	२७५००.	
						कुल जम्मा	४३९३५०	

असुल गर्नुपर्ने	४,३९,३५०

१२६ **भ्रमण खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।वडा न ५ को पदाधिकारी भ्रमण खर्च बापत रु २ लाख स क अ लालबाबू यादव लाई रकम उपलब्ध गराई खर्च लेखेकोमा कार्यक्रम स्वीकृती बेगर भ्रमण खर्चमा २ थान गाडी प्रतिगाडी ५४०००।०० को दरले भाडा भरपाई गरेको साथै पेश गरको आगन गेष्टहाउस स्थाई लेखा न ३०४१४७८६९ को विल रु ९९०००।०० राखेकोमा सो विल रित पुर्वकको नरहेको साथै आन्तरिक राजस्व विभागको पान सर्चमा समेत नदेखिएकोले उक्त खर्च बास्तविक नदेखिएको साथै काठमाण्डौ के को लागी भ्रमण गएको को को गएको र उपलब्धी बेगर तथा कार्यक्रमको उदेश्य बेगर प्रगती प्रतिवेदन समेत नबनाएकोले उक्त भ्रमण कार्य बास्तविक रुपमा भएको नदेखिएकोले यस्तो स्वभाविक नदेखिएकोले विल बनाई खर्च लेख्नेलाई जिम्मेवार बनाई सम्बन्धित बाट असूल हुनु पर्ने । रु

असुल गर्नुपर्ने	२,००,०००

१२७ **उपभोक्ता समिति सँगको सम्झौता -** नगरापालिकाले उपभोक्ता समिति सँग गरेको सम्झौता को बुदा न ९ मा २० हजार भन्दा बढीको मू अ कर लाग्ने बस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रुपमा मू अ कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ती वा फर्म बाट खरिद गर्नुपर्ने शर्त राखेको छ । पालिकाले लागत अनुमान गर्दा ढुङ्गा गिट्टी तथा बालुवाको कामको दर विश्लेषणमा मू अ कर जोडी भुक्तानी दिएको अवस्था रहेको छैन । यसरी उपभोक्ता समिती सँग भएको काममा कूनै पनि उपभोक्ता समितिले मू अ कर लाग्ने ढुङ्गा गिट्टी तथा बालुवाको मू अ कर विजक पेश नगरी व्यक्रिको भरपाई को आधारमा भुक्तानी गरेको छ । पालिकाले सम्झौताको बुदाँ कार्यान्वयन गर्न ध्यान दिनु पर्दछ । जसका उदाहरणहरु नम्नानुसार रहेका छन् ।

गो भौ।मिती	उपभोक्ता समिती	भुक्तानी रकम	कैफीयत
१०।२०७९।६।४	गरुडा उ स	९६६४५०	बाटो निर्ण कार्य
७१।२०७९।८।११	श्री सेसारी माई उ स	३६७९४३४	वडा भरी ग्राभेल र वाटो मर्मत गर्दा
७५।२०७९।८।११	जय बौधिमाई सडक उ स	४८७४६९	वडा भरी ग्राभेल र वाटो मर्मत गर्दा

९९।२०७९।११।१४	शिवनाथ सडक ढलान उ स	९६५२६२	सडक ढलान बापत विभिन्न पक्ष लाई भ्याट विल बिना भुक्तानी
१०३।२०७९।११।१७	अधुरो दुर्गा मन्दिर निर्माण न पा	२१८२२८३	मन्दिर निर्माण कार्य
१११।२०७९।१२।२७	बिसमिल्लाह उ स	१९३९३७२	सडक निर्माण तथा नाला निर्माण कार्य बालुवा गिट्टि
१२०।२०८०।१।२६	श्री सडक ढलान उ स	३८४३५३	सडक निर्माण गर्दा बालुवा गिट्टि
१३०।२०८०।२।२	शिवनाथ सडक ढलान उ स	८७१७५८	बालुवा गिट्टि खरीद

सैद्धान्तिक बेरुजु

१२८ **सुचना प्रकाशन** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार मिडियालाई सुचना छपाई बापत असमान्य रुपमा अक्षर साईज तथा ग्याप बढाई नाप बढी हुने गरी पत्रिकामा सुचना छापेको भनि सोही नापको आधारमा रु ७५६४५१।००

भुक्तानी दिएको स्वभाविक नदेखिएकोले सो मा मितब्यीता कायम गरी खर्च गर्नु पर्दछ ।

गो भौ।मिती	मिडियाको नाम	सुचना प्रकाशन मिती	सुचनाको विवरण	भुक्तानी रकम
५३४।२०८०।३।१	रौतहट ADU मिडिया प्रा लि	२०८०।२।२१	स्यानिटरी प्याड बोलपत्र स्वीकृत गर्ने सुचना	१५३६८०
		२०८०।१।१९		२३०५२०
५३७।२०८०।३।३	जयराम।रेड मिडिया प्रा लि	२०८०।१।२७	करार सेवामा कर्मचारी नियुक्ती पदपुर्तिको सुचना	५४९१८
५३८।२०८०।३।३	वर्तमान काल दैनिक पत्रीका	२०७९।१२।२६	क्याटलग।ब्रोसर सपिङ्ग विधिवाट ट्रलि पानी टंकी खरिद सम्बन्धि	१०८७२८
५३९।२०८०।३।३	ईशनाथ मिडिया प्रा लि	२०८०।१।२६	करार सेवामा कर्मचारी नियुक्ती(पशु चिकित्सक) पदपुर्तिको सुचना	९९७९९
५४१।२०८०।३।३	सत्यवान दैनिक		घुम्ति शौचालय खरिद सुचना	१०८८०६
जम्मा				७५६४५१।००

सैद्धान्तिक बेरुजु

१२९ **नगरसभा खर्च** - पालिकाले नगरसभा सन्चालन खर्च बापत निम्नानुसार खर्च गरेको छ ।सो मा देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

गो भौ।मिती	विवरण	भुक्तानी रकम	विवरण	कैफियत
५७१।२०८०।३।१९	पिण्टु मिट एण्ड स्वीट हाउस	१५३५२०	खाजा नास्ता खर्च रु २० हजार भन्दा बढी भएकोमा पान बिलमा कारोबार	आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा नगरेको रु २३०२८।००
२७२।२०८०।३।१९	नगर सभामा उपस्थित पत्रकारलाई भत्ता	३७०००	३७ जना पत्रकारलाई रु १००० का दरले भत्ता दिदा भरपाई नभएको	
५९३।२०८०।३।२३	मुस्कान रथ एण्ड टेण्ट हाउस	११९९०५	नगर सभा टेण्ट खर्च गर्दा पान बिलमा कारोबार	आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा नगरेको रु १७९८५।७५
६१२।२०८०।३।२३	महाविर जनरल सप्लायर्स	९२७७७	नगर सभामा ६०० थान गम्छा वितरण पान बिलमा खरिद	आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा नगरेको रु १३९१६।७५
जम्मा		४०३२०२		

क) आएकर ऐन २०५८ को दफ ८८ अनुसार सेवाशुल्कमा १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था अनुसार उपरोक्त अनुसार २ पार्टीको कर रु ५४९३०।०० असूल हुनु पर्दछ । रु

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९, २ (क) अनुसार वीस हजार रुपैया भन्दा बढी को खरिद मु.अ.कर दर्ता भएका पार्टी बाट खरीद गर्नुपर्ने व्यवस्था रहेकोमा उपरोक्त अनुसारको खरिद पान विलमा गरेको नियम सम्मत देखिएन ।

पत्रकारलाई भत्ता रु ३७०००।० थान गम्छा वितरण गरेको भरपाई पेश नभएकोले वितरण भरपाई पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने ।रु

असुल गर्नुपर्ने	९१,९३०

१३० **उपभोक्ता समितिको कार्य निर्माण व्यवसायी तथा आपुर्तीकर्ता बाट गराएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट गराउन नमिल्ने व्यवस्था छ ।त्यस्तै उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार उपभोक्ता समितिले आफुले पाएको काम निर्माण व्यवसायी बाट कार्य गराई

उक्त निर्माण व्यवसायीको कर बिजक संलग्न गरेको पाईयो । साथै उपभोक्ता समितीलाई मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण नगरेको र वारेण्टी ग्यारेन्टी लिनुपर्ने समानमा लिएको पाईएन । यसरी उपभोक्ता समितिले पाएको काम आफुले नगरी निर्माण व्यवसायी मार्फत गराएको कार्य अनियमित देखिएको रु.

गो भौ न र मिती	उपभोक्ता समितिको नाम	कामको विवरण	काम गराएको कन्ट्रयाक्टर वा आपुर्तीकर्ता	न पा बाट भएको भुक्तानी रकम
१४३,२०८०।२।२४	हनुमान उपभोक्ता समिती गरुडा न पा ५ महोम्मद पुर	विद्युत तार पोल जडान कार्य	पृथ्वी राज निर्माण सेवा	१४५४६२८.००
३७,२०७९।७।६ र ६५,२०७९।७।२९	हाम्रो सप्लायर्स	९०० थान सोलार सडक बत्ती जडान कार्य	हाम्रो सप्लायर्स बात खरिद गरेको दर विश्लेषणमा फिटीङ्ग नराखेको विल रु ६१०२०००।०० जम्मा काम समेत सोही बराबर भएको	५३२९८००।००
७०,२०७९।८।११	राजन उपभोक्ता समिती गरुडा न पा ६	४४६ थान सडक बत्ती जडान कार्य विद्युत तार पोल जडान कार्य	पृथ्वी राज निर्माण सेवा	१४५४६२८.००
१३८, २०८०/०२/०९	खानेपानी ह्याण्ड पम्प सेट वितरण कार्य गरुडा न.पा.५ वडा भरी उ स	११ थान हेण्डपाईप तथा फिटिङ्ग समान वितरण	माँ कालिका कन्सर्न बाट खरिद गरी वितरण गरेकोमा सो को जडानको प्रविधिक विल र नापजाँच तथा प्रयोग एकिन हुनु पर्दछ ।	१९२००९।००
२०२,२०७९।८।११	ह्याण्ड पाइप सेट वितरण उपभोक्ता समिति गरुडा न.पा.७	५५ थान हेण्डपाईप तथा फिटिङ्ग समान वितरण	माँ कालिका कन्सर्न बाट खरिद गरी वितरण गरेकोमा सो को जडानको प्रविधिक विल र नापजाँच तथा प्रयोग एकिन हुनु पर्दछ ।	९६९५२१।००
		जम्मा		९४००५८६.००

अनियमित भएको	९४,००,५८६

१३१ **वडा कार्यालय संचायलन खर्च -** स्थानीय तहमा पदाधिकारी तथा सहायकहरुले पाउने सुबिधाको सम्बन्धमा बनेको ऐन अनुसार नगरपालिकाको वार्ड अध्यक्षले अनुगमन, चार्डपर्व, वैठक भत्ता वाहेक मासिक रु. २४ हजार (इन्धन, यातायात, टेलिफोन, अतिथी, सत्कार, लगायतमा) मा सुविधा लिदै आएको अवस्थामा नगरपालिकाबाट वडा संचालन तथा व्यवस्थापन खर्च भुक्तानी गर्ने गरेको अवस्थामा प्रत्येक वार्ड कार्यपालिकाले वार्डसचिवको माग वमोजिम नगरपालिकाको कार्यसमितीको निर्णयले नियमित मासिक रु.

४० हजारका को दरले गर्न सक्ने साथै नगर प्रमुखको सचिवालयले मासिक रु ५० हजारका दरले सचिवालय अतिथी सत्कार र न्यायीक समितीको लागी उप प्रमुखले मासिक रु ४० हजार का दरले खर्च गर्न सक्ने गरी निर्णय गरी खर्च गर्ने गरेको छ । पालिकाले यस बर्ष वडा सन्चालन तथा न्यायिक र विषयगत समितीको खर्च भनी ३ कार्यक्रम राखी रु ६२६७५०६।०० खर्च गरेको वितिय विवरणमा उल्लेख छ । पालिकाले यसरी वडा मार्फत वडाको छुट्टै खर्च केन्द्र नभएको अवस्थामा वार्ड कार्यालयलाई थप रकम दिनुको औचित्य देखिएन।साथै आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व नियमावली २०७७ को नियम ९५ मा सरकारी सम्पती खरिद वा कुनै प्रकारले हस्तान्तरण हुन आएमा जिन्सी दाखिला गरी मात्र खर्च लेख्ने व्यवस्था रहेको छ । यस पालिकाले वडा मार्फत खरिद गरको समाग्री पालिकाको मुल खातामा दाखिला नगरी वडाको दाखिलाको अधारमा खर्च लेख्ने गरेको पाईयो सो सम्बन्धमा पालिकाले एकिन गरी पालिकाको मूल खातामा आम्दानी बाधि माग फारमको आधारमा खर्च लेख्नु पर्दछ । पालिकाले वडा सन्चालन खर्च मार्फत समाग्री खरिद तथा फर्निचर र अन्य खप्ने समान समेत खरिद गरेका केही उदाहरण निम्नानुसार रहेका छन् ।

गो भौ न र मिती	भुक्तानी पाउनेको नाम	दाखिला भएको वडा	सामानको विवरण	रकम
२७ ,२०७९/०६/२५	अंशु ट्रेडर्स	५	अफिस टेवल , रिभल्भिङ्ग चियर,कार्पेट र डोरमेट	९७२३९
४९ ,२०७९/०७/२२	का स सुनिल राय यादव	६	ट्रलि स्पिकर लगायत पँखा	३००००
५७ ,२०७९/०७/२४	लाल बाबु दास	५	ट्रलि स्पिकर लगायत पँखा	३८७८९
६४ ,२०७९/०७/२९	काजल ईन्टर प्राईजेज	९	ए सी खरिद सी जि ब्राण्ड	९९८००
९० ,२०७९/०९/२९	प्रेम सप्लायर्स	न पा	सोफा सेट २ थान , टी टेवल, लकर ,टी भी ,भ्यकुम,हिटर लागयत घरायसी प्रकृतिका २४ थरीका समान खरिद प्रयोजन समेत नखुल्ने ।	९९९८५१।००
९० ,२०७९/०९/२९	आदर्श दुर्गा ईलेक्ट्रोनिक्स	९	फर्निचर खरिद	९९९४८
५०७।२०८०।२।१४	कपिल अहमद अंसारी	१	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
५५३।२०८०।३।६	राम निश्वान पासवान	८	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८६०००
५५४।२०८०।३।६	राज कुमार सहनी	३	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	१२००००
५५५।२०८०।३।६	अरविन्द्र राय यादव	६	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
५९१।२०८०।३।२२	कपिल अहमद अंसारी	१	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००

५९६।२०८०।३।२३	गोविन्द ठाकुर	९	फर्निचर तथा पर्दा	९९४४२
६०२।२०८०।३।२३	राज कुमार सहनी	३	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
६०३।२०८०।३।२३	राम निश्वान पासवान	८	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
६०४।२०८०।३।२३	सुनिल कुमार यादव	२	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	१२००००
६०५।२०८०।३।२३	अरविन्द्र राय यादव	६	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
६०६।२०८०।३।२३	भुटा राय यादव	७	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	८००००
६०७।२०८०।३।२३	सुनिल कुमार जयसवाल	४	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	१२००००
६०८।२०८०।३।२३	गोविन्द ठाकुर	९	कार्यालय समाग्री तथा व्यवस्थापन खर्च	३२००००

सैद्धान्तिक बेरुजु

१३२ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.४ करोड ५७ लाख ९८ हजार र पालिकाको कर्मचारीको रु. १ करोड २८ लाख ३१ हजार समेत रु. ५ करोड ८६ लाख २९ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई ५ जना कर्मचारीलाई तलब स्केलको ३० प्रतिशतका दरले ५ महिनाको रु २८८९३०।०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३४ **छात्रावृत्ति अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.८.४ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा विद्यालयमा रु.२६ लाख ४५ हजार निकासा गरेको छ । IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन ।

सैद्धान्तिक बेरुजु

१३५ **अवकास कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी अवकास कोषमा रु.१००००००।०० ट्रान्सफर गरेको छ । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु

असुल गर्नुपर्ने	१०,००,०००

१३६ **विद्यालय भौतिक पूर्वाधार निर्माण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्इङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयहरुमा निम्नानुसार रु १४८०००००।०० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु......

सि न	विद्यालय	रकम	विवरण
१	श्री मा वि महम्मदपुर	४५०००००	४ कोठे
२	श्री मा वि नया गम्हरीया श्रीपुर	४५०००००	
३	श्री पोठीयाही प्रा वि	२२५००००	२ कोठे
४	श्री शहिद लालबाबु दास प्रा वि सिसवा	२२५००००	
५	श्री रामचन्द्र मा वि जिंगडिया	६५००००	आ ई सि टि

६	श्री मा वि पिपरीया दोस्तिया	६५००००	
जम्मा		१४८०००००	

प्रमाण पेश नगरेको	१,४८,००,०००

१३७ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । शिक्षक विद्यार्थि अनुपातमा स्थायी शिक्षक पदपुर्ति गर्ने तर्फ पालिकाले ध्यान दिनपर्दछ ।

क्र.सं.	**तह**	**शिक्षक दरबन्दी**	**पदपूर्ति**	**पदपूर्ति मध्ये करार**	**विद्यार्थी संख्या**
१	मा वि तह ९देखी १२	१४	१४	७	२४६९
२	आधारभुत ६ देखी ८	१८	१८	७	२८८६
३	प्रा वि तह १ देखी ५	८८	८८	३३	८६८०
४	ई सी डी	३१	३१	३१	१०८६

सैद्धान्तिक बेरुजु

१३८ **फोहरमैला व्यवस्थापन -** फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३९ **सुरक्षित आप्रवासन कार्यक्रम (सामी) बढी भुक्तानी -** पालिकाले गैह्रसरकारी सँस्था माण्डवी गौर रौतहट संस्थासँग सुरक्षित आप्रवासन परियोजना (सामी) अन्तर्गत कार्यक्रम सञ्चालनको लागि परामर्श सेवा खरिद सम्झौता गरेको छ।सम्झौतामा परियोजना अवधि २०७९ पुस देखी २०८० असार मसान्त सम्म हुने तथा त्यसपछि कार्यसम्पादन मुल्याङ्कन आधारमा परियोजना अवधिभर हरेक वर्ष गर्नुपर्ने क्रियाकलाप तथा बजेट तय गर्दै नवीकरण गरिने उल्लेख छ।आर्थिक वर्ष २०७९/०८० को श्रावण देखी मँसिर सम्मको रिटर्नि सँयमसेवक परिचालन अभमुखीकरण सहजकर्ताको सम्झौता मुल्य अभिवृद्धि कर बाहेक रु.१००९९५४।०० रहेको देखिन्छ।शर्त अनुसार सम्झौता बमोजिम रु ६९९२०९।०० उक्त सँस्थालाई भुक्तानी दिएकोमा परियोजना नवीकरण गरेर मात्र सेवा खरिदलाई निरन्तरता दिनुपर्नेमा कार्यालयले शर्त नवीकरण

नगरी सेवा प्रदायकसँग निरन्तर सेवा लिएको देखिएन । पालिकाले सम्झौता बमोजिमको कार्य भए गरेको अनुगमन नगरी भुक्तानी दिएकोले नियमानुसार अनुगमन मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने । रु

प्रमाण पेश नगरेको	६,९९,२०९

१४० **सीप विकास तालिम** - गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाले सीप विकास तालिम अन्तर्गत गरीवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम सन्चालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्ने प्रयोजनका लागी रोजगार सँयोजक विकास कुमार झा लाई रु २० लाख २०७९ साल कार्तिक ६ गते पेश्की दिएकोका लेखापरिक्षण अवधि २०८० असोज १० सम्म पनि फर्छौट नगरेकोले उक्त कार्यक्रम तोकिएको अवधि सम्म पनि सन्चालन गरेको नदेखिएकोले व्याज सहित असूल गरी सँघिय सन्चितकोष दाखिला हुनु पर्दछ । रु

असुल गर्नुपर्ने	२०,००,०००

१४१ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ । आयोगको परामर्श बेगर यस नगरपालिकाले १० कर्मचारीको स्तरवृद्धि गरी उक्त कमर्चारीलाई गत बर्ष रु. १ लाख ३ हजार थप रकम व्यभार पारेको भनि लेखापरीक्षण प्रतिवेदनमा औंल्याएकोमा चालु बर्षको स्थिति समेत यथावत रहेको छ ।

सैद्धान्तिक बेरुजु

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : गरुडा नगरपालिका, रौतहट , गरुडा नगरपालिका , रौतहट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
लेखा प्रमुख	कुमार ठाकुर	२०७७-६-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१५२१९,०८३	३१४६४,६८४	४१४४२,८२९	०	०	४७२३२,५५४
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	१३५३५९,१५०
				प्रारम्भिक प्रतिवेदन उपर फर्छ्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१३५३५९,१५०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		९५५९९७३१	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	४४५६१५५००	**चालु खर्च**	६०३१३४३७७
प्रदेश सरकारबाट अनुदान	२१८८०७५०	**पूँजीगत खर्च**	१८३६४९३०८
राजश्व बाँडफाँट	९१२४७७०५	**वितीय/अन्य व्यवस्था**	०.०
आन्तरिक आय	१२३०००००		
अन्य आय	२१६५१६४२१		
कुल आय	७८७५६०३७६	**कुल खर्च**	७८६७८३६८५
बाँकी मौज्दात		९६३७६४२२	

द्रष्टव्य - प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन (PAR) र अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) मा जारी भएको दफाको क्रम संख्या हेरफेर हुन सक्ने छ ।